# छायाङ्कन प्रविधिका दृष्टिले झोला चलचित्रको अध्ययन

- **अभ्यास दर्जी**
नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय

**सार -** प्रस्तुत शोध पत्रमा कृष्ण धराबासीद्वारा लिखित ‘झोला’ कथामा आधारित चलचित्रको अध्ययन गरिएको छ। फ्रेमिङ तथा गतिले कथ्य र भावनात्मक प्रभावलाई कसरी सशक्त बनाएको छ भन्ने पक्षको पनि विश्लेषण गरिएको छ। यस किसिमका अध्ययनले छायाङ्कन केवल साहित्यिक कृतिमा आधारित ‘झोला’ चलचित्र सामाजिक साथै ऐतिहासिक पृष्ठभूमिमा केन्द्रित छ। मूल कथा विशेष रूपमा सती प्रथाको अन्त्य र नारी सशक्तिकरणको आवश्यकतालाई जोड दिँदै दमनकारी परम्पराका विरुद्धमा उभिएको छ। यसका साथै २० औँ शताब्दी पूर्वार्धको नेपाली ग्रामीण समाज, संस्कार संस्कृति  रहनसहन कथामा आबद्ध रहेको छ। यिनै कुरालाई निर्देशक यादवकुमार भट्टराईले कसरी दृश्यमा रूपान्तरित गरेका छन्, तथा कृतिको मौलिक कथावस्तुलाई छायाङ्कन प्रविधिले कतिको रोचकता तथा न्याय प्रदान गरेको छ भन्ने विषयमा प्रस्तुत शोध पत्र केन्द्रित छ। यसका साथै प्रस्तुत शोध पत्रमा ‘झोला’ चलचित्रलाई छायाङ्कन प्रविधिका दृष्टिले अध्ययन गर्दै दृश्यात्मक संरचना, क्यामेरा प्रयोग, प्रकाश संयोजन, रङ योजना, दृश्य संयोजन तथा गतिले कथ्य र भावनात्मक प्रभावलाई कसरी सशक्त बनाएको छ भन्ने पक्षको विश्लेषण गरिएको छ। यस किसिमका अध्ययनले छायाङ्कन केवल दृश्य सौन्दर्यका लागि नभई सामाजिक चेतना अभिव्यक्त गर्ने सशक्त माध्यमका रूपमा सिद्ध हुन्छ। यस शोध पत्रमा छायाङ्कन प्रविधिको सैद्धान्तिक अवधारणाका लागि डेविड ब्रोडवेल र क्रिस्टिन थम्पसनद्वारा लिखित ‘फिल्म आर्ट: एन् इन्ट्रडक्सन’ (बाह्रौ संस्करण इ सं २०२०), ब्रुस ब्ल्कद्वारा लिखित ‘द भिजुअल स्टोरी’ (तेस्रो संस्करण २०२१) र जोसेफ भी मेस्केलीद्वारा लिखित ‘द फाइभ सीएस अव् सिनेमेटोग्राफी’ (इ सं १९९५)- नामक पुस्तकलाई आधार स्वरूप ग्रहण गरिएको छ।

**बीज शब्द -** नेपाली चलचित्र, झोला, छायाङ्कन प्रविधि, यथार्थवाद, सतीप्रथा, दृश्य संरचना, नारी पीडा।

## १ विषय प्रवेश

छायाङ्कन चलचित्रको  महत्त्वपूर्ण तत्त्व हो। छायाङ्कनको आरम्भ इ सं 1890 को दशकबाट फोटोग्राफीको विकाससँगै भएको हो। सुरुमा स्थिर नक्सालाई क्रमश: चलयमान बनाएर देखाउने प्रयास गरियो, त्यहीँबाट चलचित्र र छायाङ्कन प्रक्रियाको जन्म भयो। इ सं १८९५-मा लुइ लुमियर दाजुभाइले पहिलो पटक सार्वजनिक रूपमा ध्वनिरहित चलचित्रको प्रदर्शन गरे। उनीहरूको छोटो चलचित्र ‘वरकर्स लिभिङ द फेक्ट्री’-लाई विश्वकै पहिलो चलचित्रमध्ये एउटा मानिन्छ। यही समयदेखि नै चलचित्रमा छायाङ्कन प्रक्रिया औपचारिक रूपमा सुरु भएको मानिनछ। यसरी सुरुका चलचित्रहरूमा प्रकाश प्राकृतिक हुन्थ्यो र क्यामेरामा सीमित चाल मात्र सम्भव थियो। यसका साथै कालो सेतो चलचित्रमा प्रकाश र छायाको प्रयोगबाट दृश्य प्रभाव सिर्जना गर्न थालियो। यसरी सुरुका चरणमा छायाङ्कनले कथा भन्न थाल्ने प्रारम्भिक रूप ग्रहण गर्‍यो। यसका साथै चलचित्रमा ध्वनिको समावेश हुन थाले पछि छायाङ्कन अझ चुनौती पूर्ण बन्यो। क्यामेराको गति सीमित भए तापनि दृश्य र ध्वनिको सन्तुलनमा छायाकारहरूले ध्यान दिन थाले। यसरी रङ्गीन चलचित्रको प्रदार्पण पछि छायाङ्कनमा अझ ठुलो परिवर्तन आयो। रङ, प्रकाश र संरचनाका प्रयोगले दृश्यलाई अझ यथार्थपरक र भावनात्मक बनायो। चलचित्रमा छायाङ्कन केवल प्राविधिक पक्ष मात्र नभई, कलात्मक अभिव्यक्तिको माध्यम बन्न पुग्यो।

## २ छायाङ्कनको सैद्धान्तिक अवधारणा

चलचित्रलाई रङ्गमञ्चको विकसित रूप मानिन्छ। अर्थात् चलचित्रमा रङ्गमञ्चीय निर्माण प्रविधि र आधुनिक यन्त्रीय प्रविधि पक्षको प्रयोग गरिएको पाइन्छ। चलचित्र चित्रहरूको भाषिक अभिव्यक्ति हो। यस सन्दर्भमा प्रकाश सायमी यसो लेख्छन्- "सिनेमा अर्थात् चलचित्र चित्रहरूको भाषा हो। मनुष्य जातिको उद्‌गम र उद्‌भव सँगसँगै मानवीय भावनालाई दुई रूप दिइयो। भाषा र चित्रका शब्दमा व्यक्त गर्न नसकिने भावनाहरूलाई स्थायी रूप दिन चित्रहरूको रूप दिइयो। चित्रबाट पछि गएर विभिन्न लिपिहरूको विस्तार भयो। समयअनुसार भाषा र लिपिहरू विकास हुँदै बदलिँदै गए तर चित्रहरूको भाषा सर्वदीय सर्वकालिक र सर्वजनीन बनिरह्यो। सोही कारणले गर्दा जब चित्रको विकास नयाँ कला सिनेमाको रूपमा भयो त्यतिबेला यो अन्तर्राष्ट्रिय कलाको रूपमा स्वीकारियो(सायमी वि सं २०७५, पृष्ठ-६८)। चलचित्रका धेरै प्राविधिक पक्षहरूमध्ये छायाङ्कन एउटा प्रमुख तत्त्व हो। यसले साहित्यमा वर्णित वातावरण वा मनोभावलाई दृश्यमा परिवर्तन गर्ने कार्य गर्दछ। चलचित्रमा छायाङ्कन धेरै प्रकारले गरिन्छ। यसका साथै छायाङ्कन गर्ने क्रममा रङको प्रयोग गरी पात्रको मनोवैज्ञानिक अवस्थालाई देखाउनु एवम् फ्रेमिङ र गतिका सहायताले पात्रको चरित्रलाई प्रकाश पार्नु यसको महत्त्वपूर्ण कार्य हो। छायाङ्कनलाई चलचित्रमा दृश्य भाषा पनि भनिन्छ। यसले संवाद बिना भावना एवम् सन्देश दर्शकसम्म पुऱ्याउँछ। छायाङ्कनसम्बन्धी विभिन्न अध्येता तथा चलचित्र निर्माताहरूले आ-आफ्ना विचार राखेका छन्। यसका साथै छायाङ्कनका प्रकार र यसको महत्त्वलाई विद्वानहरूले देखाएका छन्। डेविड ब्रोडवेल र क्रिस्टिन थम्पसनद्वारा लिखित 'फिल्म आर्ट एन्ड इन्ट्रडक्सन'-पुस्तकमा छायाङ्कनका जम्मा सातवटा आधारहरू छन्। ती हुन्- "दृश्याङ्कनको आकार, क्यामेरा कोण, क्यामेरा गति, केन्द्रण, प्रकाश व्यवस्था, दृश्य संयोजन, क्यामेरा लेन्स" (ब्रोडवेल र थम्पसन, इ सं २०२०, पृष्ठ-१६९) त्यसरी नै अर्का लेखक ब्ल्क ब्रुसले आफ्नो पुस्तक 'द भिजुअल स्टोरी'-मा "स्थान, रेखा र आकार, रङ-स्वर (टोन) - (उज्यालो र अँध्यारोपन), रङ, गतिशीलता, ताल गति(रिदम) (ब्रुस, इ सं २०२१, पृष्ठ- १, २०) गरी छायाङ्कनका जम्मा छवटा आधार देखाएका छन्। त्यसरी नै जोसेप भी मेस्केली चलचित्र जगत्का अर्का एकजना प्रमुख विशेषज्ञ हुन्। यिनी छायाङ्कनसम्बन्धी यसो लेख्छन्- "छायाङ्कन केवल सुन्दर दृश्य बनाउने प्रक्रिया होइन, कथा स्पष्ट रूपमा भन्न प्रयोग हुने दृश्य भाषा हो।"(मेस्केली: इ सं १९९५, पृष्ठ-१२) जोसेप भी मेस्केलीद्वारा प्रतिपादित छायाङ्कनका पाँचवटा आधारहरू छन्। ती हुन्- "क्यामेरा कोणहरू (Camera Angeles), निरन्तरता (Continuity), कटिङ (Cutting), नजिकका फ्रेम (Close-ups), सम्पादन(Composition)" (मेस्केली: इ सं १९९५, पृष्ठ-११-११७)। चलचित्रमा यी तत्त्वहरूले के कस्ता भूमिका निवार्ह गरेका हुन्छन्, उक्त कुराको चर्चा तल गरिएको छ। क्यामेरा कोण भन्नाले क्यामेराको अवस्थिति र पात्र वा वस्तुसँगको सम्बन्धलाई जनाइन्छ। यसका दशवटा प्रकारहरू छन्- नेत्र स्तरीय दृश्याङ्कन, निम्न कोणीय दृश्याङ्कन, उच्च कोणीय दृश्याङ्कन, कटि स्तरीय दृश्याङ्कन, घुँडा स्तरीय दृश्याङ्कन, भूमि स्तरीय दृश्याङ्कन, स्कन्ध स्तरीय दृश्याङ्कन,तिर्यक् कोणीय दृश्याङ्कन, ऊर्ध्व दृष्टि दृश्याङ्कन, विहङ्गम दृश्याङ्कन। क्यामेराका यी कोणहरूले दृश्य प्रभाव, भावनात्मक गहिराइ र सन्देश सम्प्रेषणमा महत्त्वपूर्ण योगदान पुऱ्याएका हुन्छन्। यसरी निरन्तरताले चलचित्रमा कथालाई दृश्यगत रूपमा समरूप र तार्किक क्रममा प्रस्तुत गर्ने कार्य गर्दछ। दृश्यहरूबीच समय, स्थान र कार्यको तालमेल मिल्नुपर्छ भन्ने पक्षमा देखिन्छ। यसका साथै कथाको सन्दर्भअनुसार छायाङ्कन समय (Cinematic Time) र छायाङ्कन स्थल (Cinematic Space)-को समन्वय हुनुपर्छ। दृश्य छेदन (कटिङ) दृश्यहरूलाई यथोचित रूपमा जोड्ने प्रक्रिया हो, जसबाट कथालाई प्रवाहयुक्त बनाइन्छ। यसका पनि पाँचवटा प्रकारहरू छन्। ती हुन्- सरल छेद (बेसिक कट), ध्वनि पूर्व प्रवेश छेद र ध्वनि अग्रसर छेद (जे कट एन्ड एल कट), विच्छेदात्मक छेद (जम्प कट), मिलान छेद (मेच कट), अन्तर दृश्य छेद (कट अवे)। निकट दृश्याङ्कन (क्लोजअप सट्) चलचित्रको विशिष्ट सौन्दर्य तत्त्व हो, जसले दर्शकलाई पात्रसँग भावनात्मक रूपमा जोड्छ। क्लोजअप दृश्यमार्फत निर्देशकले दर्शकको दृष्टि र अनुभूतिलाई

नियन्त्रणमा राख्छन्। सम्पादन भन्नाले फ्रेमभित्र दृश्य तत्त्वहरूको सन्तुलित व्यवस्थापनलाई बुझिन्छ। यसले चलचित्रको दृश्य सौन्दर्य र मनोवैज्ञानिक प्रभावलाई बुझ्न सहयोग पुऱ्याउँछ। यसरी जोसेप भी मेस्केलीद्वारा प्रतिपादित छायाङ्कनका प्रकारहरूलाई आधार स्वरूप ग्रहण गरी ‘झोला’ चलचित्रको अध्ययन यस शोध पत्रमा गरिएको छ।

## ३ छायाङ्कन प्रविधिका दृष्टिले झोला चलचित्रको अध्ययन

कृष्ण धरावासीको कथामा आधारित ‘झोला’ चलचित्रका निर्देशक यादवकुमार भट्टराई हुन्। यस चलचित्रमा मुख्य नायक नायिकाका रूपमा गरिमा पन्त( आमा), देशभक्त खनाल(बाबु), सुजल नेपाल(छोरा) लक्ष्मी गिरी र दीपक छेत्री( काका, काकी) देखिन्छन्। चलचित्रको कुल समय १ घण्टा ३० मिनट रहेको छ। यसरी मूल कथाको लोकप्रियता र साहित्यिक विशिष्टताको मर्मलाई जस्ताको त्यस्तै चलचित्रमा देखाइएको छ। प्रस्तुत चलचित्र संवेदनशील विषयमा आधारित छ, जसले परम्परागत नेपाली ग्रामीण समाज, सती प्रथाको विकराल यथार्थ र मानवीय भावनाहरूको गहिरो चित्रण गरेको छ। यस चलचित्रले नेपालको इतिहासमा प्रचलित सती प्रथाका कारण समाजमा नारीहरूले भोग्नु परेको कारुणिक पीडालाई अभिव्यक्त गरेको छ। मूल पाठमा केन्द्रित यिनै कुराहरूलाई निर्देशक यादवकुमार भट्टराईले छायाङ्कनका माध्यमबाट कसरी देखाएका छन् भन्ने अध्ययन यस पत्रमा गरिएको छ।

### ३.१ क्यामेरा कोण

क्यामेरा कोण (क्यामरा एङ्गल)-का आधारमा हेर्दा ‘झोला’ चलचित्रमा सबै किसिमका दृश्याङ्कनहरूको प्रयोग गरिएको पाइन्छ। ती दृश्याङकनहरूका प्रयोगले चलचित्रमा केवल दृश्यलाई मात्र प्राथमिकता नदिएर सामाजिक समस्या, अथवा चलचित्रको भावलाई प्रकाशमा ल्याएको छ। प्रस्तुत चलचित्रमा ‘नेत्र स्तरीय दृश्याङ्कन’-का प्रयोगले सती प्रथालाई साधारण होइन, तत्कालीन नेपाली समाजको क्रुर व्यवहारलाई देखाएको पाइन्छ। ‘नेत्र स्तरीय दृश्याङ्कन’-का सन्दर्भमा जोसेप भी मेस्केली यसो लेख्छन्- “नेत्र स्तरीय दृश्याङ्कन एउटा तटस्थ क्यामेरा कोण हो, जसले दृश्यलाई प्राकृतिक र यथार्थपरक रूपमा प्रस्तुत गर्दछ। यसले कुनै पात्रलाई शक्तिशाली वा कमजोर देखाउँदैन र दर्शकलाई स्वतन्त्र रूपमा अर्थ निकाल्न अवसर दिन्छ(मेस्केली, इ सं २०२१, पृष्ठ-११)। प्रस्तुत चलचित्रमा ‘नेत्र स्तरीय दृश्याङ्कन’-का माध्यमले यथार्थता, तटस्थता, दर्शकबीचको सम्बन्ध, प्राकृतिक दृष्टिकोण, वस्तुनिष्ठ कथाको प्रस्तुति भएको छ। यसका साथै नेपाली समाजमा व्याप्त क्रुर परम्परा, मानवताको लोप, पीडा र असहायतालाई नेत्र स्तरीय दृश्याङ्कनका माध्यमले देखाएको छ। उदाहरणका रूपमा नेत्र स्तरीय दृश्याङ्कनको दृष्टान्त तल राखिएको छ-

**चित्र १ - नेत्र स्तरीय दृश्याङ्कनद्वारा गरिएको छायाङ्कनको उदाहरण**



यसरी चलचित्रमा 'नेत्र स्तरीय दृश्याङ्कन'-का अझ धेरै दृष्टान्तहरू छन्, जसले रूढीप्रथा, तत्कालीन समयमा नारीहरूको पीडा, मर्का आदिलाई चलचित्रले जीवन्त बनाएको पाइन्छ। यसका साथै यस सट्का माध्यमद्वारा पात्रले भोगिरहेको मानसिक सङ्घर्ष, अन्याय एवम् वाध्यतालाई प्रकाशमा ल्याएको छ।

'निम्न कोणीय दृश्याङ्कन'-का माध्यमले समाजका अगुवाहरूको शक्ति, प्रभुत्व र नियन्त्रणलाई देखाइएको छ। चलचित्रमा 'निम्न कोणीय दृश्याङ्कन'-का माध्यमले नारीहरूमाथि गरिएको दमन, शोषण एवम् सती प्रथाको डरलाई अझ स्पष्टसँग सङ्केत गरेको पाइन्छ। यसरी मूल कथाको विषयलाई विभिन्न क्यामेरा दृश्याङ्कनका आधारले दृश्यमा रूपान्तर गर्दा रोचकता आएको तथा दर्शकलाई चलचित्रको अभिप्राय बुझ्न सहज भएको अनुभूत हुँदछ। यस सन्दर्भमा डेविड ब्रोडवेल र क्रिस्टिन थम्पसन यसो लेख्छन्- ''निम्न कोणीय दृश्याङ्कन क्यामेरालाई तल राखेर माथितिर खिचिने प्रविधि हो, जसले पात्रलाई शक्तिशाली, प्रभुत्वशाली र प्रभावशाली रूपमा प्रस्तुत गर्छ। यसले दर्शकमा डर , सम्मान र दबाबको भावना सिर्जना गर्दै पात्रको महत्त्वलाई अझ बढाउँछ। त्यसैले 'निम्न कोणीय दृश्याङ्कन' केवल दृश्य देखाउने पद्धति नभएर कथा र भावनालाई प्रभावकारी रूपमा व्यक्त गर्ने सशक्त माध्यम हो''(ब्रोडवेल र थम्पसन, इ सं २०२१, पृष्ठ-१९०)। उदाहरण स्वरूप निम्न कोणीय दृश्याङ्कनको दृष्टान्त तल राखिएको छ-

**चित्र २ - निम्न कोणीय दृश्याङ्कनद्वारा गरिएको छायाङ्कनको नमुना**




यसरी माथि राखिएको दृष्टान्त 'निम्न कोणीय दृश्याङ्कन'-द्वारा खिचिएको हो। यस दृश्यमा 'निम्न कोणीय दृश्याङ्कन'-को प्रयोग गरी पात्रको असहाय अवस्था, सामाजिक अन्यायको दवाब, भावनात्मक तनावलाई देखाएको छ। यसका साथै माथि राखिएको दृष्टान्तलाई देखाउन क्यामेरा स्थिर राखिएको छ, जसले पात्रका मनमा त्रास उत्पन्न गर्न सहयोग पुऱ्याएको छ। यसरी क्यामेराका विभिन्न कोणहरूको प्रयोगद्वारा चलचित्र तथा मूल कथामा वर्णित घट्नालाई जीवन्त बनाउने काम भएको छ।

चलचित्र निर्माण प्रक्रियामा 'उच्च कोणीय दृश्याङ्कन'- महत्त्वपूर्ण र बहुउपयोगी दृश्याङ्कन मानिन्छ, जुन धेरै परस्थितिहरूमा प्रयोग गरिन्छ। यसको सामान्य प्रयोग भनेको नै पात्रलाई कमजोर र असहाय देखाउनु हो। यो दृश्याङ्कन क्यामेरा माथि राखेर तलतिर खिचिन्छ, जसले पात्रलाई सानो र कमजोर देखाई दर्शकको एकाग्रतालाई अझ रोचक बनाउँछ। साथै यस दृश्याङ्कनका प्रयोगले दर्शकले प्रात्रप्रति दया (Sympathy) अनुभूत गर्दछ 'झोला' चलचित्रमा 'उच्च कोणीय दृश्याङ्कन'-का माध्यमद्वारा नारीको पीडा साथै गाउँको मौलिक रूपलाई प्रकाशमा ल्याउने काम भएको छ। उदाहरण-

**चित्र ३ - उच्च कोणीय दृश्याङ्कनद्वारा गरिएको छायाङ्कनको नमुना**



यसरी माथि राखिएको चित्र 'उच्च कोणीय दृश्याङ्कन'-को उदाहरण हो। साधरणत: यस दृश्यमा ग्रामीण परिवेशको सुन्दर दृश्यलाई वास्तविक र कलात्मक दुवै किसिमले कैद गरिएको छ। तथापि चलचित्रको विषयवस्तु तथा क्यामेरा कोणका आधारमा हेर्दा यस दृश्यमा धेरै साङ्केतिक अर्थको द्योतन भएको छ। यस दृश्यमा 'उच्च कोणीय दृश्याङ्कन'-का माध्यमले शव बोकेर हिंडिरहेका मानिसहरू समाजमा नीहित कठोर परम्पराको समीप असहाय रहेको बोध हुँदछ। पात्रहरू स्वतन्त्र नभएर बाध्य छन् भन्ने सत्य यहाँ प्रकट भएको छ, जसले दृश्यलाई पीडादायी र यथार्थपरक बनाउन सहयोग पुऱ्याएको छ।

क्यामेरा कोणका धेरै पक्षहरूमध्ये 'कटि स्तरीय दृश्याङ्कन' (हिप लेबल सट्) एउटा हो। यसले पात्रहरूबीच समानता, दैनिक जीवनको यथार्थ, भावनात्मक नजिकपन जस्ता कुरालाई प्रकाशमा ल्याउने काम गर्दछ, जसले दर्शकलाई पात्रहरूको पीडा अझ गहिरो रूपमा अनुभूत गराउँछ। उदाहरण-

**चित्र ४ - कटि स्तरीय दृश्याङ्कनद्वारा गरिएको छायाङ्कनको नमुना**



यसरी चलचित्रमा 'कटि स्तरीय दृश्याङ्कन'-का दृष्टान्त थोरै छन्। तथापि यस दृश्याङ्कनका माध्यमले दृश्यलाई नाटकीयभन्दा पनि स्वभाविक बनाएको पाइन्छ। यसरी माथि राखिएको दृष्टान्तमा दुईजना पात्रहरू छन्, जसमा एकजना चलचित्रकी मुख्य नायिका र अर्कातिर पुरोहित देखिएका छन्। नारी पात्र बसेकी छ भने पुरुष पात्र उभिएको देखिन्छ। यसरी उभिएको र बसेको पात्रलाई एउटै दृश्यबन्धमा राखेर कसको प्रभाव बढी छ, र कसको अवस्था कमजोर छ भन्ने कुरालाई निर्देशकले दृश्यमै प्रष्ट पारेका छन्। यसका साथै 'कटि स्तरीय दृश्याङ्कनका'-का माध्यमले पात्रहरूबीच शक्तिको असमानता (पावर डिफरेन्स) र भावनात्मक तनाउ (इमोसनल टेन्सन) देखाउन सफल भएको छ। यसरी क्यामेरा कोणका विभिन्न पद्धतिले चलचित्रभित्र आबद्ध स-साना दृश्यहरूलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याएको छ।

'घुँडा स्तरीय दृश्याङ्कन' क्यामेरा कोणभित्र पर्ने अर्को एउटा मुख्य पक्ष हो। चलचित्रमा यसको प्रयोग पात्रको प्रभुत्व अथवा श्रेष्ठताको भावलाई उजागर गर्न हुन्छ। यसका साथै 'घुँडा स्तरीय दृश्याङ्कन' जमिनको सतहबाट लिइने दृश्यजत्तिको अत्याधिक नाटकीय नभए पनि समान अनुभूति दिन सक्षम हुन्छ। यस्ता दृश्यहरू विशेषत: पात्रहरू हिंडिरहेका अवस्थामा केन्द्रित गर्न उपयुक्त हुन्छन्, अथवा लुकेर अगाडि बढिरहेको अवस्थालाई देखाउन प्रभावकारी हुन्छन्। घुँडाको स्तरबाट खिचिएका दृश्यले पात्रको हिंडाइ, चाल वा क्रियाकलापमा ध्यान केन्द्रित गराउँछ, जसले कथाको गति र मनोवैज्ञानिक अवस्थालाई सङ्केत गर्दछ। यसरी

'झोला' चलचित्रका सन्दर्भमा हेर्दा 'घुँडा स्तरीय दृश्याङ्कन'-का प्रयोगले कुनै गम्भीर अवस्था अथवा भावनात्मक तीव्रता अभिव्यक्त नभएको देखिन्छ। उदाहरण-

**चित्र ५ - घुँडा स्तरीय दृश्याङ्कनद्वारा गरिएको छायाङ्कनको नमुना**



यसरी माथि राखिएको दृष्टान्तका आधारमा हेर्दा 'घुँडा स्तरीय दृश्याङ्कन' अत्यन्त अर्थपूर्ण र प्रतीकात्मक देखिन्छ। हलो जोत्ने कार्यले जीवनको कठोरता, श्रम र पीडादायी सामाजिक यथार्थलाई देखाउँछ। यसरी तलबाट देखाइएको प्रस्तुत दृश्याङ्कनले पात्रको अवस्था दबिएको, सीमित र नियन्त्रणमा रहेको जस्तो अनुभूति दिन्छ, जुन चलचित्रमा सामाजिक सन्देशका रूपमा अङ्कुरित भएको छ।

'भूमि स्तरीय दृश्याङ्कन'-को प्रयोग पनि प्रशस्तै भेटिन्छन्। 'भूमि स्तरीय दृश्याङ्कन' भन्नाले विशेष रूपमा क्यामेराको उचाइ विषयवस्तुको भूतलीय स्तरसँग समतल रहने अवस्था बुझिन्छ। यस प्रकारको क्यामेरा कोण विशेषगरी पात्रको अनुहार प्रत्यक्ष रूपमा नदेखाइ उसको हिँडाइ अथवा गतिविधिलाई चित्रण गर्न व्यापक रूपमा प्रयोग गरिन्छ। साथै यसले दर्शकलाई दृश्यप्रति सक्रिय रूपमा संलग्न गराउँदै अभिनेताको शारीरिक अभिव्यक्तिका माध्यमबाट अर्थ निर्माण गर्न सहयोग पुऱ्याउँछ।

**चित्र ६ - भूमि स्तरीय दृश्याङ्कनद्वारा गरिएको छायाङ्कनको नमुना**




यसरी माथि राखिएका भूमि स्तरीय दृश्याङ्कनका उदाहरण हुन्। प्रस्तुत उदाहरण घनश्यामकी आमाले आफ्नो श्रीमानको स्वास्थ्यलाभ र दीर्घआयुका लागि गृह पुजा गरेको दृश्यमा केन्द्रित छ। तथापि यस दृश्याङ्कनका माध्यमबाट निर्देशकले नारीको आस्था, समर्पण र त्यससँग जोडिएको सामाजिक विडम्बनालाई प्रस्तुत गरेका छन्। यसरी चलचित्रमा नीहित यस दृश्यलाई 'भूमि स्तरीय दृश्याङ्कन'-का माध्यमले निकै यथार्थ र नजिकबाट देखाएको छ, जसले दर्शकलाई परम्परागत जीवनशैलीभित्र लगेर यसको गहिरो अर्थ बुझ्न सहयोग पुऱ्याएको छ। यसका साथै दृश्यमा महिला आफ्नो बिमारी श्रीमानको सेवा गरिरहेकी देखिन्छन्। यो क्रियाकलाप केवल व्यक्तिगत माया नरहेर, पितृसत्तात्मक समाजले निर्धारण गरेको पत्नी धर्मको प्रतिनिधित्व हो। पृष्ठभूमिमा देखिएको प्राकृतिक परिवेश र साधारण जीवनशैलीले दृश्यलाई ऐतिहासिक यथार्थसँग जोड्ने काम गरेको छ। चलचित्रमा यस दृश्याङ्कनका प्रयोगले ग्रामीण जनजीवनलाई यथार्थ रूपमा प्रस्तुत गर्दै सामाजिक कुरीतिहरूलाई अझ बलियोसँग प्रकाशमा ल्याउने काम गरेको छ। यसरी दृश्यमा प्रयोग गरिएको दृश्याङ्कन केवल दृश्यात्मक शैली नभएर, यो सामाजिक यथार्थ, पितृसत्ता, धार्मिक विश्वास र त्यसबाट उत्पन्न विडम्बनालाई प्रकाशमा ल्याउने एउटा सशक्त माध्यम हो।

यसरी चलचित्रमा नारीहरूमाथि भएको ऐतिहासिक अन्याय र सती प्रथाको अमानवीयतालाई क्यामेरा कोणका विभिन्न दृश्याङ्कनले जीवन्त बनाएको छ।

'स्कन्ध स्तरीय दृश्याङ्कन' काँधका उचाइमा क्यामेरा राखी खिचिने एउटा पद्धति हो। यस प्रकारको दृश्याङ्कन प्राय: आँखा स्तर (आइ लेबल) दृश्याङ्कनभन्दा बढी प्रयोग हुने मानक क्यामेरा कोण हो, जसले पात्रलाई वास्तविक उचाइभन्दा केही होचो देखिने प्रभाव उत्पन्न गर्दछ। यस अवस्थामा क्यामेरा पात्रको काँधसँग समरेखित हुने भएकाले पात्रको टाउको फ्रेमको माथिल्लो भागसम्म पुग्ने हुन्छ। साथै पात्रको दृष्टिरेखा (आइ लाइन) क्यामेराभन्दा अलिक माथि पर्छ, जसले हल्का रूपमा तलबाट खिचिएको जस्तो (स्लाइट्ली लोवर एङ्गल) दृश्यात्मक भ्रम सिर्जना गर्दछ। 'झोला' चलचित्रका सन्दर्भमा हेर्दा 'स्कन्ध स्तरीय दृश्याङ्कन'-का प्रयोगले भावनात्मक अभिव्यक्ति र यथार्थ दुवैलाई सशक्त रूपमा प्रस्तुत गरेको छ। उदाहरण-

**चित्र ७ - स्कन्ध स्तरीय दृश्याङ्कनद्वारा गरिएको छायाङ्कनको नमुना**



प्रस्तुत दृश्य 'झोला' चलचित्रभित्र देखिएको 'स्कन्ध स्तरीय दृश्याङ्कन'-को उदाहरण हो। माथि राखिएको दृश्यमा दुईजना प्रमुख पात्रहरू छन्। क्यामेरा काँध स्तरमा अवस्थित भएकाले दुवै पात्रहरूको अनुहार र भाव भङ्गी स्पष्ट रूपमा अभिव्यक्त भएको छ। विशेषत: पुरुष पात्रको थकान र पीडायुक्त अवस्था र स्त्री पात्राको गम्भीर र चिन्तित अभिव्यक्ति दर्शकसम्म प्रभावकारी रूपले सम्प्रेषित हुन्छ। 'स्कन्ध स्तरीय दृश्याङ्कन'-का माध्यमले दृश्यमा आत्मीयता (इन्टिमेशी) र भावनात्मक प्रगाढतालाई दरो रूपमा प्रस्तुत गरेको छ। यसरी दृश्यमा पात्रहरूको टाउको फ्रेमको माथिल्लो भाग नजिक देखिनुले दर्शकलाई उनीहरूको मानसिक अवस्थासँग अझ नजिक ल्याएको छ, भने आँखाको स्तर क्यामेराभन्दा अलिक माथि पर्नाले दृश्यमा हल्का रूपमा निम्न कोण (लो एङ्गल)-को आभास पनि सिर्जना भएको छ, जसले पात्रहरूको अवस्थाप्रति सहानुभूति उत्पन्न हुन सहयोग पुऱ्याएको छ।

'तिर्यक् कोणीय दृश्याङ्कन' (डच टिल्ट)-मा क्यामेरालाई एकातिर झुकाएर खिचिन्छ। यसरी क्षितिज रेखाहरू झुकेका अवस्थाले दृश्यमा असन्तुलनको अनुभूति हुँदछ। यसले पात्रको मानसिक अस्थिरता, विचलन अथवा तनावको स्तर वृद्धि गर्न सहयोग पुऱ्याउँछ। यस कोणलाई कुनैपनि तनावपूर्ण अथवा व्यक्तिनिष्ठ क्षणमा जोड दिने प्रविधिका रूपमा प्रयोग गरिन्छ। यसले दृश्यमा प्रस्तुत गर्ने भाव, मानसिक अवस्था तथा रोमाञ्चकतालाई प्रभावशाली बनाउन सहयोग पुऱ्याउँछ। 'तिर्यक् कोणीय दृश्याङ्कन' क्यामेरा कोणका सन्दर्भमा 'झोला' चलचित्रलाई हेर्दा पात्रको मानसिक अवस्था, सामाजिक त्रास तथा अस्तित्वगत अनिश्चितता प्रभावकारी रूपमा देखाइएको छ। उदाहरण-

**चित्र ८ - तिर्यक् कोणीय दृश्याङ्कनद्वारा गरिएको छायाङ्कनको नमुना**




यस दृश्यमा देखिएको पात्रको शारीरिक मुद्रा, अनुहारको गम्भीरता र पृष्ठभूमिमा रहेको एकान्त प्राकृतिक परिवेशले जीवनको कठोर यथार्थ र सामाजिक संरचनाको दबाबलाई सङ्केत गरेको छ। क्यामेराका झुकाउले पात्रको आन्तरिक अस्थिरता तथा परस्थितिजन्य असुरक्षालाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेको छ। यसका साथै दृश्यमा पात्रको संवाद (म विश्वस्त छु कि ईश्वरले तिम्रो रक्षा गर्नुहुनेछ) धार्मिक आस्थासँग मनोवैज्ञानिक सान्त्वनाको माध्यमका रूपमा प्रयोग गरेको देखिन्छ, जुन तत्कालीन सामाजिक सन्दर्भमा विशेष अर्थपूर्ण छ। 'झोला'चलचित्रले चित्रण गरेको सतीप्रथा जस्तो अमानवीय सामाजिक अभ्यासको पृष्ठभूमिमा यस्तो संवादले असहाय अवस्थाको भावनात्मक तीव्रतालाई स्पष्ट रूपमा देखाउन सफल भएको छ।

'ऊर्ध्व दृष्टि दृश्याङ्कन' (ओभर हेड सट्) विषयवस्तुलाई माथिबाट तलतिर हेरेर खिचिने प्रविधि हो। यस्ता दृश्य सामन्यतया लगभग ९० डिग्रीको कोणबाट खिचिन्छ, यसभन्दा कम्ति कोणमा खिचिएको खण्डमा त्यसलाई उच्च कोणका रूपमा वर्गीकृत गरिन्छ। माथिबाट लिने दृश्य अत्याधिक उचाइबाट लिन आवश्यक हुँदैन, यद्यपि उच्च उचाइबाट पनि लिन सकिन्छ। यसरी माथिबाट लिएका दृश्यहरूले कुनै दृश्यको समग्र परिप्रेक्ष्य प्रस्तुत गर्न विशेष उपयोगी हुन्छन्। तथापि यसले केवल सामान्य दृष्टिकोण मात्र नभई कतिपय अवस्थामा तटस्थ दृष्टिकोण अभिव्यक्त गर्ने माध्यमका रूपमा प्रयोग गरिन्छ। 'झोला' चलचित्रका सन्दर्भमा हेर्दा यस दृश्याङ्कनको प्रयोग थोरै पाइए तापनि चलचित्रमा यसको भूमिका प्रबल रूपमा रहेको छ। उदाहरण-

**चित्र ९ - ऊर्ध्व दृष्टि दृश्याङ्कनद्वारा गरिएको छायाङ्कनको नमुना**




माथि राखिएको दृश्यमा क्यामेरा विषयवस्तुमाथि उचाइबाट तलतिर निर्देशित गरिएको छ, जसले स्पष्ट रूपमा 'ऊर्ध्व दृष्टि दृश्याङ्कन'-को प्रयोगलाई सङ्केत गरेको छ। यो कोणीय संरचनाले पात्रलाई भौतिक रूपमा सानो र सीमित परिवेशभित्र अवस्थित देखाउँदै दृश्यमा मनोवैज्ञानिक तथा भावनात्मक दबाबको अनुभूति उत्पन्न गराउन सफल देखिन्छ। दृश्यमा देखिएकी पात्रा घरको भऱ्याङबाट माथितर्फ हेर्दै गरेको मुद्रामा प्रस्तुत छ, जसले उसको असहायता, प्रतीक्षा अथवा निर्भरता जस्ता भावनात्मक अवस्थाहरूलाई अभिव्यक्त गरेको पाइन्छ। क्यामेराको यस किसिमका दृष्टिकोणले दर्शकलाई पात्रको व्यक्तिगत अवस्थाभन्दा टाढा एक प्रकारको निरीक्षक स्थितिमा राखिएको छ। यसका साथै प्रकाश रङ संयोजनले दृश्यको गम्भीरता र संवेदनात्मक गहिराइलाई अझ सशक्त बनाएको देखिन्छ। यसरी दृश्यमा 'ऊर्ध्व दृष्टि दृश्याङ्कन'-को प्रयोग केवल स्थानिक सम्बन्ध मात्र होइन, शक्ति-सन्तुलन, सामाजिक संरचना तथा पात्रको अवस्थामाथि बाह्य नियन्त्रणको सङ्केत हो। अत: उक्त दृश्यमा 'ऊर्ध्व दृष्टि दृश्याङ्कन'-को प्रयोग

केवल प्राविधिक क्यामेरा कोणका रूपमा मात्र नभई कथ्यको भावनात्मक र वैचारिक गहिराइ अभिव्यक्त गर्ने प्रभावकारी उपकरणका रूपमा देखिन्छ।

'विहङ्गम दृश्याङ्कन' (एरियल सट्) ड्रोनका सहायताले उचाइबाट खिचिने प्रविधि हो। यसले विस्तृत भू-दृश्यको प्रस्तुति दिने काम गर्छ। यस प्रकारको दृश्याङ्कनले ठुलो क्षेत्रफललाई समेटेर परिवेशको व्यापक चित्रण गर्न सहयोग पुऱ्याउँछ। 'विहङ्गम दृश्याङ्कन'-ले निर्देशकलाई पात्रहरूले वास गर्ने परिवेशलाई स्पष्ट रूपमा परिभाषित गर्न सहयोग पुऱ्याउँछ, जुन कथा प्रस्तुतिको एउटा प्रभावकारी प्रविधि हो। 'विहङ्गम दृश्याङ्कन' धेरै प्रभावकारी हुन्छ। यसको प्रयोग चलचित्रका विज्ञपतिमा भएको हुन्छ। चलचित्रमा 'विहङ्गम दृश्याङ्कन'-को आकर्षण सर्वसाधारणमा व्यापक रूपमा स्वीकारिएको छ। यद्यपि यस्ता दृश्याङ्कन प्रभावकारी रूपमा प्रयोग गर्न पूर्व-योजना आवश्यक हुन्छ, जसमा दृश्याङ्कन सूचीको महत्त्वपूर्ण भूमिका रहन्छ। यसरी 'झोला' चलचित्रमा 'विहङ्गम दृश्याङ्कन'-को प्रयोग नभएकाले यहाँ चलचित्रको व्याख्या गरिएको छैन।

### ३.२ निरन्तरता

जोसेप भी मेस्केलीद्वारा प्रतिपादित छायाङ्कनका पाँचवटा भेदहरूमध्ये 'निरन्तरता (कन्टिन्युटी)' एउटा हो। चलचित्रमा निरन्तरता केवल प्राविधिक नियमहरूको समुच्च्य नभई अर्थ निर्माण, दर्शक अनुभव र सौन्दर्यशास्त्रीय संरचनाको आधारभूत यन्त्र हो। यसले कथालाई सुसंगत, बोधगम्य र प्रभावकारी बनाउँदै चलचित्रलाई एकीकृत कलात्मक अभिव्यक्तिका रूपमा स्थापित गर्छ। सरल वाक्यमा लेखिँदा निरन्तरताले कथामा भएका घट्नालाई कालक्रमिक ढङ्गमा प्रस्तुत गरिनुपर्छ भन्ने सुनिश्चित गर्दछ, जसमा आरम्भ, मध्य र अन्त्य स्पष्ट रूपमा अवस्थित हुन्छन्। जोसेफ भी मेस्केलीका विचारलाई वरूण रोयले आफ्नो 'फिल्म प्रोडक्सन' नामक पुस्तकमा उद्धाट्न गरिएको कुरालाई यहाँ राखिएको छ- "निरन्तरता कायम राख्नाका लागि दृश्यहरूलाई यथासम्भव यथार्थपरक अथवा वास्तविक जीवनसँग नजिक राख्ने प्रयास गर्नुपर्छ" (रोय, इ सं २०२२, पृष्ठ-२६)। यस आधारमा के बुझिन्छ भन्दा दृश्यभित्र रहेका कुनै पनि तत्त्वले दर्शकको ध्यान कथाबाट विचलित पार्नु हुँदैन, यसो हुनाले निरन्तरतामा अवरोध आउने सम्भावना देखिन्छ। जोसेफ भी मेस्केलीले 'छायाङ्कन समय' र 'छायाङ्कन स्थान'-का अवधारणामा पनि विशेष जोड दिएका छन्। कुनै चलचित्रको कथा कहिलेकाहीँ धेरै वर्षसम्म फैलिन सक्छ भने, कहिलेकाहीँ केवल एक वा केही दिनभित्र सीमित हुन सक्छ। यद्यपि, दर्शकले अनुभव गर्ने समय सामान्यतया एक घण्टादेखि तीन घण्टासम्म मात्र सीमित रहेको हुन्छ। यस प्रकारको सङ्कुचित समयलाई 'छायाङ्कन समय' भनिन्छ। साथै चलचित्रको विषयवस्तुअनुसार 'छायाङ्कन स्थान'-को चयन गरिन्छ। यसो गर्नाले दर्शकलाई वास्तविक जीवनको समीप पुऱ्याउँदछ। यसरी चलचित्रमा निरन्तरताले पात्र-पात्राको पहिरनदेखि लिएर साज-सज्जा, दृश्य-सज्जा र वातावरणीय अवस्थाहरूलाई सुसम्बद्ध रूपमा जोड्ने काम गर्दछ। निरन्तरता चलचित्रमा अत्यावश्यक हुन्छ, किनभने यसले एकल, अविच्छिन्न कथानकको भ्रम कायम राख्छ। यसरी दृश्य निरन्तरता (दृश्य-सज्जा तथा वातवरणीय तत्त्वहरूलाई एकरूपताका साथ कायम राख्ने), पात्र निरन्तरता (चलचित्रभरि पात्रहरूको रूप, पोशाक तथा प्रस्तुतिमा समानता कायम राख्ने) र सहायक सामग्रीको निरन्तरता (विभिन्न दृश्याङ्कनमा पात्रले अन्तर्क्रिया गर्ने वस्तुहरू, स्थान र अवस्था आदिलाई सुनिश्चित गर्ने प्रक्रिया)-ले चलचित्रलाई प्रभावकारी बनाएको हुन्छ। माथि उल्लिखित यिनै कुराका आधारमा 'झोला' चलचित्रको विश्लेषण गरिएको छ।

नेपाली समाजमा प्रचलित सती प्रथाको यथार्थ चित्रण गर्ने 'झोला' सामाजिक ऐतिहासिक चलचित्र हो। चलचित्रमा एउटा नारीको जीवन, पीडा र प्रतिशोधको कथालाई केन्द्रमा राखेको छ। प्रस्तुत चलचित्रमा निरनतरताको प्रयोग कथात्मक संरचना पात्र विकास तथा दृश्यात्मक प्रस्तुतीकरणमा सुस्पष्ट देखिन्छ। कथात्मक निरन्तरताका आधारमा हेर्दा चलचित्रको कथावस्तु साहित्यिक मूल पाठ सरह कालक्रमिक ढङ्गले अगाडि बढेको छ। कथा

निम्नवर्गीय परिवारको सामान्य जीवनबाट सुरु भई, लोग्नेको मृत्यु पश्चात् सती प्रथाको सामाजिक कुसंस्कार तर्फ उन्मुख भएको पाइन्छ। चलचित्रकी मूख्य नायिका कान्छीको जीवनमा आउने परिवर्तन श्रीमतीबाट विधवा र त्यसपछि विद्रोही पात्रामा रूपान्तरण एउटा निरन्तर र तार्किक प्रक्रियामा चलचित्रभित्र देखाइएको छ। यस प्रकारको संरचनाले कथालाई अविच्छिन्न बनाउँनमा सहयोग पुऱ्याएको छ, जसले दर्शकलाई घट्ना बुझ्नमा सहायता गरेको छ। कथाको प्रत्येक घट्ना अघिल्लो घट्नासँग कारण-परिणाम सम्बन्धमा जोडिएको छ।

त्यसरी नै दृश्य निरन्तरताका परिप्रेक्ष्यमा चलचित्रको छायाङ्कन र दृश्य संयोजनले ऐतिहासिक यथार्थलाई निरन्तर रूपमा प्रस्तुत गरेको छ। ग्रामीण परिवेश घर, जङ्गल, खेती-पाती तथा चिहान जस्ता स्थान बीचहरूको संक्रमण सहज देखिन्छ। प्रकाश, रङ, तथा वातावरणीय अवस्थाहरू कथा अनुरूप स्थिर राखिएका छन्, जसले दृश्यहरूबीच असंगति उत्पन्न हुन दिँदैन।

यसरी नै पात्र निरन्तरताका आधारमा हेर्दा चलचित्रकी मूख्य पात्रा कान्छीको मनोवैज्ञानिक तथा भावनात्मक विकास निरन्तर रूपमा प्रस्तुत गरिएको छ। प्रारम्भमा कान्छी एकजना जिम्मेवार श्रीमती र आमाका रूपमा देखिने पात्रा, लोग्नेको मृत्यु पश्चात् सामाजिक नियमका अघि दुर्बल बन्दै जान्छ, तर अन्तत: आत्मारक्षा र जीवनप्रतिको आकांक्षाले ऊ सशक्त बन्दै गएकी छ। यस विकासक्रममा पात्रको पहिरन, व्यवहार, भाव-अभिव्यक्ति र शारीरिक अवस्था (थकान, डर र पीडा) एकरूपताका साथ कायम राखिएको छ। यसले पात्रलाई यथार्थपरक बनाउँदै दर्शकसँग भावनात्मक सम्बन्ध स्थापना गर्न सहयोग पुऱ्याएको अनुभूत हुँदछ।

सहायक सामग्रीको निरन्तरताले पनि चलचित्रलाई प्रभावकारी बनाएको छ। यस आधारमा हेर्दा चलचित्रमा प्रयोग गरिएका वस्तुहरू जस्तै- दैनिक जीवनका सामग्री, घरायसी वस्तु र सामाजिक अनुष्ठानसँग सम्बन्धित वस्तुहरू उक्त कालखण्डसँग मिल्दोजुल्दो राखिएका छन्। सती प्रथा जस्तो संवेदनशील विषयलाई प्रस्तुत गर्दा सानातिना वस्तुहरूको असंगतिले पनि दर्शकको विश्वासमा असर पार्न सक्छ, त्यसैले चलचित्र निर्माण गर्ने क्रममा यस्ता पक्षहरूमा सतर्कता अप्नाएको छ। यसरी चलचित्रमा निर्देशकले मूल पाठको विषय अथवा कथामा आबद्ध स-साना घट्नाहरूलाई पुन: सुनियोजित रूपमा सतर्कता साथ प्रस्तुत गरेका छन्, जसका सहायताले चलचित्र प्रभावकारी बन्न सफल भएको छ।

### ३.३ दृश्य छेदन

दृश्य छेदन (कटिङ) चलचित्रको अदृश्य भाषा हो। यसले कथाको भावना र अर्थलाई एकीकृत गर्ने कार्य गर्दछ। यो उत्तर निर्माण चरण (पोस्ट प्रोडक्सन)-मा विभिन्न दृश्याङ्कनहरूलाई व्यवस्थित गर्ने प्रक्रिया हो। यसले चलचित्रलाई सुसंगत र अर्थपूर्ण कथावाचनमा सुनिश्चित गर्दछ। चलचित्रको दृश्य छेदन सधैँ सहज हुनाका साथै निरन्तरतालाई पनि कायम राख्ने किसिमको हुनुपर्छ। यद्यपि सम्पादन उत्तर निर्माण चरणमा गरिन्छ, यसको प्रभाव उत्पादन प्रक्रियामा पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। चलचित्रमा दृश्य छेदनसम्बन्धी डेविड ब्रोडवेल र क्रिस्टिन थम्प्सन यसो लेख्छन्- "दृश्य छेदन एउटा दृश्याङ्कनलाई अर्को दृश्याङ्कनसँग मिलाएर अर्थपूर्ण बनाउने प्रक्रिया हो"(ब्रोडवेल र थम्प्सन, इ सं २०२१, पृष्ठ-२१८)। दृश्य छेदनका "सरल छेद, ध्वनि पूर्व प्रवेश छेद र ध्वनि अग्रसर छेद, निकट दृश्य छेद, विच्छेदात्मक छेद, मिलान छेद, अन्तर दृश्य छेद" (रोय: इ सं २०२१, पृष्ठ-३०) गरी जम्मा छवटा प्रकारहरू छन्। यिनै प्रकारहरूका आधारमा 'झोला' चलचित्रको विश्लेषण तल गरिएको छ।

'सरल छेद'-लाई 'अकस्मात् प्रत्यक्ष छेद'(हार्ड कट) र 'प्रत्यक्ष छेद' (स्ट्रेट कट) पनि भनिन्छ। यसमा कुनै विशेष प्रभाव बिना एउटा दृश्याङ्कनबाट अर्को दृश्याङ्कनमा सोझै परिवर्तन गरिन्छ। यो प्राय: सबै सम्पादन प्रक्रियाको आधार हो, र दृश्य प्रतिदृश्य प्रविधि (सट् रिभर्स सट्) प्रविधिमा व्यापक रूपमा प्रयोग गरिन्छ। यसको साधारण क्रम यसप्रकार छन्- दृश्याङ्कन, छेद, प्रतिदृश्य प्रविधि र छेद (सट्, कट्, रिभर्स सट् र कट्)। यस आधारमा 'झोला'

चलचित्रलाई हेर्दा 'सरल छेद' प्रविधि व्यापक रूपमा प्रयोग गरिएको छ। 'सरल छेद'-का प्रयोगले चलचित्रलाई जटिलता रहित रूपमा क्रमिक ढङ्गले अघि बढाउँछ। विशेषगरी ग्रामीण परिवेश, पात्र-पात्राहरूको दैन्दिन क्रियाकलाप, तथा सामाजिक अन्तर्क्रियाहरूलाई प्रस्तुत गर्दा सिधा छेद प्रयोग गरेर दृश्यहरूबीच स्वाभाविक निरन्तरता कायम गरिएको छ। प्रस्तुत चलचित्रमा 'सरल छेद'-को प्रयोग निरन्तरता सम्पादनको सिद्धान्तसँग नजिक देखिन्छ। दृश्यबीचहरूको सम्बन्ध स्पष्ट राख्दै दृश्य प्रतिदृश्य प्रविधि शैलीमा संवादहरू प्रस्तुत गरिएको छ, जसले पात्रहरूबीचको भावनात्मक अन्तर्क्रियालाई विश्वसनीय बनाएको छ। 'झोला' चलचित्रबाट 'सरल छेद'-को उदाहरण तल राखिएको छ।

चलचित्रको सुरुमै घनश्याम र उसकी आमा कान्छीको सामन्य घरेलु वार्तालापलाई 'सरल छेद'-का माध्यमद्वारा देखाइएको छ। चलचित्रमा उक्त दृश्य ९ मिनट ३० सेकेन्डदेखि १० मिनटभित्र समेटिएको छ, जसले कथा प्रवाहलाई सहज साथै यथार्थपरकता, भावनात्मक गहनता, दर्शकको सम्बन्धलाई सुदृढ बनाएको छ।

'ध्वनि पूर्व प्रवेश छेद' र 'ध्वनि अग्रसर छेद' (जे कट्' र 'एल कट्)-को प्रयोग पनि चलचित्रमा प्रयुक्त देखिन्छन्। 'ध्वनि पूर्व प्रवेश छेद' र 'ध्वनि अग्रसर छेद' अडियो तथा भिडियोको असमान समायोजनमा आधारित संक्रमण प्रविधिहरू हुन्। 'ध्वनि पूर्व प्रवेश छेद'-ले चलचित्रमा अर्को दृश्य नदेखाइ त्यस दृश्यको ध्वनि सुनाउँछ, पछि दृश्य देखाउने कार्य गर्छ। त्यसरी नै 'ध्वनि अग्रसर छेद'-ले चलचित्रमा अघिल्लो दृश्यको ध्वनि नयाँ दृश्य सुरु हुँदासम्म यथावत राख्दछ। यी प्रविधिहरूले चलचित्रमा निरन्तरता कायम, प्रभावकारी कथावाचन, समय र स्थानको सम्बन्ध, दृश्य परिवर्तन जस्ता पक्षमा सहयोग पुऱ्याएका हुन्छन्। 'झोला' चलचित्रलाई यी प्रविधिहरूका प्रयोगले भावनात्मक तथा प्रभावकारी बनाउन सहयोग पुऱ्याएको छ। यसका साथै चलचित्रमा विशेषगरी तनावपूर्ण र भावनात्मक क्षणहरूको पूर्व सङ्केत दिन 'ध्वनि पूर्व प्रवेश छेद' र 'ध्वनि अग्रसर छेद'-को प्रयोग गरिएको देखिन्छ। उदाहरण-चलचित्रभित्र २१ मिनट ३८ सेकेणडमा 'ध्वनि पूर्व प्रवेश छेद' प्रविधिको प्रयोग भएको छ। उक्त दृश्यमा चलचित्रकी मूख्य नायिका कान्छीले दही बनाउँदै गरेकी छ, साथै दिनहुँ आफ्नो लोग्नेको ब्रिग्रदो स्वास्थबारे ऊ चिन्तित भएकी बोध हुँदछ। तथापि यस दृश्यमा अर्को दृश्य सुरु हुँदासम्म अघिल्लो दृश्यको ध्वनि यथावत राखिएको छ, जसलाई निर्देशले 'ध्वनि पूर्व प्रवेश छेद' प्रविधिका माध्यमले देखाएका छन्। यसरी चलचित्रमा 'ध्वनि पूर्व प्रवेश छेद' प्रविधिको प्रचुर मात्रामा प्रयोग गरिएको छ। 'झोला'-मा यसको प्रयोगले दर्शकलाई भावनात्मक रूपमा टाढा नराखेर चलचित्रको कथासँग जोडेर राखेको छ। यसरी 'ध्वनि अग्रसर छेद'-को प्रयोग पनि प्रशस्तै भेटिन्छन्। उदाहरण-चलचित्रभित्र २६ मिनट ४५ सेकेन्डमा खोलाको दृश्य मधुर कारूणिक ध्वनिद्वारा देखाइएको छ, र केही क्षणमै दृश्य परिवर्तन भएर मूख्य नायिका कान्छी र उसको लोग्नेलाई पीडादायी अवस्थामा देखिन्छ, जसमा अघिल्लो दृश्यको मधुर कारूणिक ध्वनि 'ध्वनि अग्रसर छेद'-का माध्यमले अर्को दृश्यमा केही क्षणसम्म सुनिन्छ। अघिल्लो दृश्यमा आबद्ध मधुर कारूणिक ध्वनि अर्को दृश्यमा पनि निहित रही त्यस दृश्यको पीडादायी अवस्थालाई अझ सहज र संवेदनशील बनाउनमा सहयोग पुऱ्याएको छ, जसले दर्शकको ध्यान तथा एकाग्रतालाई बाँध्ने काम गरेको छ। यसरी 'ध्वनि पूर्व प्रवेश छेद' र 'ध्वनि अग्रसर छेद' प्रविधिले चलचित्रलाई सन्तुलित र उद्देश्यपूर्ण बनाएका छन्।

'निकट दृश्य छेद' (कट् इन) प्रविधिको प्रयोग 'झोला' चलचित्रमा यथेष्ट रूपमा भएको छ। यस प्रविधिले एउटै दृश्यलाई अझ नजिक राखेर देखाउने कार्य गर्छ। यसलाई प्राय: 'अन्त: स्थापित दृश्य' (इन्सर्ट सट्) पनि भनिन्छ। यसले चलचित्रमा दर्शकको ध्यान केन्द्रित, दृश्यमा विविधता तथा प्रतीकात्मक अर्थ दिन सहयोग पुऱ्याउँछ। 'झोला' चलचित्रका सन्दर्भमा 'निकट दृश्य छेद' -को प्रयोग पात्रहरूको आन्तरिक अवस्था देखाउन गरिएको छ। उदाहरण-चलचित्रभित्र २८ मिनट २७ सेकेन्डमा 'निकट दृश्य छेद' प्रविधि प्रयोगको दृश्य रहेको छ। चलचित्रमा यसको प्रयोग कान्छीले आफ्नो श्रीमानको स्वास्थ लाभका लागि घरमा पुजा गरेको दृश्यमा केन्द्रित छ। यसरी टाढाबाट 'विस्तृत दृश्याङ्कन' (वाइल्ड सट्)-मा देखाइएको यस दृश्यमा अकस्मात् 'निकट दृश्य छेद' प्रविधिको प्रयोग गरी कान्छीको

लोग्नेलाई देखाइएको छ, जसले चलचित्रमा दर्शकको दृष्टिलाई कान्छीको लोग्नेको पीडा, असहाय, दु:ख दरिद्रतालाई बुझ्न तथा ध्यान केन्द्रित गराउन अझ सहयोग पुऱ्याएको छ। यसरी सुरुमा पुजाको समग्र दृश्य देखाइ नेपाली समाजमा निहित आस्था विश्वासलाई प्रभावकारी रूपमा प्रस्तुत गरेको छ भने अर्कातिर कान्छीको लोग्नेलाई अझ नजिकबाट देखाइ पुजा गर्नाको कारण तथा उद्देश्यलाई सार्थकता साथ देखाइएको पाइन्छ। यसरी चलचित्रमा 'निकट दृश्य छेद'-का प्रयोगले चलचित्रको संवेदनशीलता, प्रभावकारिता र स्पष्टता उल्लेखनीय रूपमा बढेको देखिन्छ।

'विच्छेदात्मक छेद' (जम्प कट्) अर्को एउटा महत्त्वपूर्ण प्राविधिक कौशल हो। चलचित्रमा यसले एउटै दृश्य अथवा दृश्यबन्धभित्रको समयलाई अकस्मात् परिवर्तन गरी अघि बढ्नमा सहयोग पुऱ्याउँछ। यसरी चलचित्रको समयलाई संक्षेप गर्नु र शैलीगत तथा मनोवैज्ञानिक प्रभाव सिर्जना गर्नु नै यसको मुख्य काम हो। 'झोला' चलचित्रका आधारमा हेर्दा यसको प्रयोग थोरै मात्रामा भएको देखिन्छ। उदाहरण- चलचित्रभित्र ३२ मिनट ४० सेकेन्डमा 'विच्छेदात्मक छेद'-को दृश्य रहेको छ। चलचित्रमा 'विच्छेदात्मक छेद'  घनश्याम जङ्गलमा गाई गोरु चराइरहेको दृश्यमा केन्द्रित छ। निरन्तर देखिरहेको उक्त दृश्यमा अकस्मात् गाउँका दुईजना पुरुषहरू घनश्यामलाई बाबुको मृत्युको सन्देश दिन तथा जङ्गलमा उसलाई लिन आएका हुन्छन्। यसरी घनश्याम चिन्तित मुद्रामा जङ्गलबाट हिँडेको दृश्य देखाउँदै एकैचोटि घरको शोक वातावरणमा पुगेको दृश्यलाई 'विच्छेदात्मक छेद'-का माध्यमद्वारा देखाइएको छ। यस आधारमा के बुझिन्छ भन्दा निर्देशले एकातिर समयको संक्षेपीकरण गरेका छन् भने अर्कातिर दर्शकलाई मनोवैज्ञानिक प्रभाव (घनश्याम घर नपुगी दर्शकलाई उसको बाबुको देहान्त भएको अनुभूत हुनु) पर्न सहयोग पुऱ्याएको छ।

'मिलान छेद' (म्याच कट्) भन्नाले दृश्य, कथात्मक अथवा प्रतीकात्मक संरचनालाई निरन्तरता दिँदै एउटा दृश्यबन्धबाट अर्को फरक दृश्यबन्धमा रूपान्तरण गर्ने सम्पादन प्रविधिलाई जनाउँछ। साधारणत: 'मिलान छेद' भनेको दुई फरक दृश्याङ्कनहरूबीच गरिने यस्तो छेद हो, जहाँ ती छेदहरूको संरचना कार्य, पात्र अथवा विषयवस्तुका आधारमा परस्पर मेल खाने बनाइन्छ। झोला चलचित्रमा मिलान छेदको एउटा दृष्टनत ३९ मिनट ३० सेकेन्डमा राखिएको छ। उक्त दृष्टान्तमा लोग्नेको मृत्युपछि कान्छीलाई सतीका लागि घाटमा लैजान बेहुलीलाई जस्तै सजाएर घरबाट निकालिएको छ। यसका साथै पूर्वदीप्तिका माध्यमले कान्छीलाई उनको लोग्नेले बिहे गरेर घर ल्याएको दृश्य पनि राखिएको छ। यसरी यी दुईवटा फरक दृश्यलाई मिलान छेदका माध्यमले पात्रको पीडा, समयको परिवर्तन र भावनात्मक निरन्तरतालाई जोड्न दृश्यहरूलाई समान क्रिया अथवा फ्रेम मार्फत् प्रस्तुत गरिएको छ, जसले सामाजिक पीडा र भावनात्मक असरलाई अझ प्रभावकारी बनाउन सहयोग पुऱ्याएको छ।


चलचित्रमा 'अन्तर दृश्य छेद'(कट् अवे) भनेको मुख्य दृश्यबाट केही समयका लागि अर्को सम्बन्धित दृश्यतर्फ काटेर फेरि मूल दृश्यमा फर्किने प्रविधि हो। यसले कथा प्रस्तुतिलाई प्रभावकारी बनाउँछ। यसका साथै 'अन्तर दृश्य छेद' प्रविधिका प्रयोगले चलचित्रमा दर्शकको ध्यान केन्द्रित गराउन, दृश्यलाई रोचक अथवा जीवन्त बनाउन, समय र स्थानको परिवर्तन देखाउन, भावना र प्रतिक्रिया प्रस्तुत गर्न र तनाव  नाटकीयता सिर्जना गर्न सहयोग पुऱ्याउँछ। 'झोला' चलचित्रमा 'अन्त दृश्य छेद' प्रविधि विभिन्न उद्देश्यका लागि प्रयोग गरिएको पाइन्छ। चलचित्रको कथावस्तु सामाजिक पीडा, महिला उत्पीडन र ग्रामीण जीवनसँग सम्बन्धित भएकाले 'अन्तर दृश्य छेद' प्रविधिले भावनात्मक र दृश्यात्मक पक्षलाई अझ बलियो बनाएको छ। पात्रको दु:ख, पीडा र असहाय अवस्थालाई अनुभूति गराउन बीच-बीचमा बाहिरी वातावरण, अनुहार अथवा वस्तुका दृश्य देखाइएको पाइन्छ। तत्कालीन नारीहरूमाथि हुने अन्याय, परम्परागत विचार, समाजको कठोर व्यवस्थालाई जीवन्त रूप दिन 'अन्तर दृश्य छेद' प्रविधिले महत्त्वपूर्ण भूमिका खेलेको छ।

### ३.४ निकटस्थ दृश्यबन्ध

छायाङ्कनका पाँचवटा प्रमुख तत्त्वहरूमध्ये नजिकका फ्रेम मुख्य हो। निकटस्थ दृश्यबन्ध (क्लोज अप्स) भन्नाले कुनै वस्तु अथवा पात्रलाई अत्यन्त नजिकबाट खिचिएको दृश्यालाई बुझिन्छ। यसरी चलचित्रको विकास हुनुअघि मानिसहरू नाटक, थिएटर, ब्याले तथा ओपेरा हेर्न जान्थे, जहाँ दर्शकहरू एउटा स्थानमा स्थिर बसेर निश्चित कोणबाट मात्र मञ्चको गतिविधि अवलोकन गर्न सक्थे। उनीहरू मञ्च अघि गएर दृश्यलाई स्पष्ट रूपमा हेर्न सक्षम थिएनन्। यसरी चलचित्रको विकाससँगै विभिन्न सट्हरूको प्रयोग सम्भव भयो, जसका कारण 'निकटस्थ दृस्यबन्ध' चलचित्रकलाको एउटा विशिष्ट उपकरणका रूपमा स्थापित भयो। चलचित्रमा निर्देशकले अधिकतम प्रभाव सिर्जना गर्न 'निकटस्थ दृश्यबन्ध' प्राविधिक उपकरणको सहायता लिँदछ। यस किसिमका दृश्याङ्कनले दृश्यभित्र भइरहेका महत्त्वपूर्ण घट्ना अथवा क्रियाकलापलाई पृथक गरी कथात्मक रूपमा विशेष महत्त्व प्रदान गर्दछ। निकटस्थ दृश्यबन्ध दृश्याङ्कनका आधारमा निर्दशेकले अनावश्यक कुरा हटाई केवल आवश्यक दृश्यात्मक जानकारी प्रस्तुत गर्छन्। यसका साथै नाटकीय प्रभाव सिर्जना गर्नाका साथै दृश्यगत स्पष्टता पनि प्रदान गर्दछ। यस आधारमा जोसेप भी मेस्केली यसो लेख्छन्- "निकटस्थ दृश्यबन्धले दृश्यमा नाटकीय प्रभाव, भावनात्मक गहिराइ तथा कथात्मक स्पष्टता प्रदान गर्दछ" (मेस्केली: इ सं १९९५, पृष्ठ-१२३)। यसरी नै चलचित्र जगत्का अर्का विद्वान् वेला बालाज्स यसो लेख्छन्- "निकटस्थ दृश्यबन्ध चलचित्रको सबैभन्दा प्रभावकारी अभिव्यक्तिमूलक उपकरण हो, जसले पात्रको सूक्ष्म भाव, अन्तर्मन तथा लुकेका अनुभूतिहरूलाई दर्शकमाझ प्रस्तुत गर्दछ" (बालाज्स: इ सं १९५२, पृष्ठ-३८)। निकटस्थ दृश्यबन्धको अर्को महत्त्वपूर्ण पक्ष दर्शकको संलग्नतालाई बढाउनु हो, किनभने यसले दर्शकलाई पात्रहरूसँग भावनातमक रूपमा नजिक ल्याउने काम गर्छ। यदि चलचित्र विस्तृत दृश्याङ्कनहरूमा (वाइल्ड सट्) मात्र सीमित रह्यो भने सूक्ष्म विवरण हराउने सम्भावना रहन्छ, र दर्शक कथावस्तुसँग विच्छिन्न भएको अनुभूत गर्न सक्छन्। त्यसैले क्लोज-अप्सले दर्शक र पात्रबीचको सम्बन्धलाई सुदृढ बनाउँदै प्रभावकारी कथन प्रविधिका रूपमा कार्य गर्दछ।

'झोला' चलचित्रलाई 'निकटस्थ दृश्यबन्ध' उपकरणका आधारमा हेर्दा तत्कालीन नेपाली समाजमा विद्यमान सामाजिक यथार्थ, विशेषत: सती प्रथाको पीडा र नारीहरूको मनोवैज्ञानिक अवस्थालाई प्रभावकारी रूपमा अभिव्यक्त भएको छ। निर्देशक यादवकुमार भट्टराईले निकटस्थ दृश्यबन्धको प्रयोगमार्फत् पात्रहरूको आन्तरिक द्वन्द्व, पीडा, भय तथा भावनात्मक पक्षलाई दर्शकमाझ सशक्त रूपमा प्रस्तुत गरेका छन्। उदाहरण-

**चित्र १०- निकटस्थ दृश्यबन्धद्वारा गरिएको छायाङ्कनको नमुना**



माथि राखिएका दृष्टान्तहरूमा निकटस्थ दृश्यबन्ध दृश्याङ्कनको प्रयोग भएको पाइन्छ। पहिलो दृश्यमा चलचित्रकी मुख्य नायिका कान्छीलाई 'नजिकका दृश्यबन्ध' प्रविधि मार्फत् देखाइएको छ। कान्छीको अनुहारमा

केन्द्रित नजिकका दृश्यबन्ध दृश्याङ्कनले उसको मानसिक पीडा, असहायता र सामाजिक उत्पीडनलाई अझ जीवन्त रूप दिएको छ। विशेषत: लोग्नेको मृत्युपछि समाजले ऊमाथि थोपेको सती प्रथाको क्रुर व्यवस्थालाई नजिकका दृश्यबन्ध प्रविधि मार्फत् अत्यन्त मार्मिक ढङ्गले देखाइएको छ। अनुहारका सूक्ष्म हाउभाउ, आँखा तथा मौन अभिव्यक्तिहरूले संवादभन्दा बढी प्रभाव उत्पन्न गरेको छ। यस आधारमा वेला बालाज्सले उल्लेख गरेका "नजिकका दृश्यबन्धले पात्रको अन्तर्मन उद्घाट्न गर्छ" भन्ने अवधारणा पुष्टि हुँदछ।

दोस्रो दृश्यमा घनश्याम र उसकी आमा कान्छीले आफ्नो बाबु तथा कान्छीको लोग्नेको शीघ्र स्वास्थ लाभ र दीर्घायुका लागि पुजा गरिरहेको अवस्थामा केन्द्रित छ। यस दृश्यमा पुजाका सामग्री, अक्षता, पात तथा हातको गतिविधिलाई नजिकका दृश्यबन्ध मार्फत् देखाइएको छ। निर्देशकले यस दृश्यमा अनुहारभन्दा धार्मिक सामग्री र कर्मकाण्डका सूक्ष्म पक्षलाई केन्द्रमा राखी नेपाली ग्रामीण समाजको धार्मिक आस्था तथा संस्कृतिलाई प्रकाशमा ल्याएका छन्। नजिकका दृश्यबन्धले यहाँ केवल दृश्यको विवरण प्रस्तुत गरेको छैन, यसले हिन्दू संस्कारभित्र निहित एउटा छोराको कर्त्व्य, स्वास्नीको समर्पण तथा नारीको भूमिकालाई सङ्केत गरेको छ। यसरी क्लोज नजिकका दृश्यबन्ध दृश्याङ्कनका माध्यमले सांस्कृतिक व्यवहारलाई भावनात्मक अर्थसँग जोड्ने कार्य गरेको देखिन्छ। यस दृश्यलाई जोसेफ भी मेस्केलीको नजिकका दृश्यबन्धसम्बन्धी अवधारणासँग जोडेर हेर्न सकिन्छ। मेस्केलीका विचारमा 'नजिकका दृश्यबन्धले दृश्यको आवश्यक तत्त्वलाई पृथक गरी त्यसको नाटकीय र भावनात्मक प्रभावलाई तीव्र बनाउँछ' यहाँ पनि निर्देशकले पुजा प्रक्रियाका सूक्ष्म वस्तुहरूलाई नजिकबाट प्रस्तुत गरी दर्शकको ध्यान पात्रको आस्था र सामाजिक यथार्थतर्फ केन्द्रित गरेका छन्।

अन्तिम दृष्टान्तमा कान्छीको लोग्नेको मृत्यु पश्चात घाटमा बजाइने परम्परागत नेपाली बाजा तथा सती प्रथासँग सम्बन्धित वातावरणलाई निकटस्थ दृश्यबन्ध मार्फत् प्रस्तुत गरिएको छ। बाजाको नजिकको दृश्य, ध्वनिको गहिरो प्रभाव तथा अन्धकारमय रङ संयोजनले शोक, भय र मृत्युको वातावरण निर्माण गरेको छ। अन्तिम दृश्यमा निकटस्थ दृश्यबन्ध दृश्याङ्कनले केवल नेपाली लोकबाजाको दृश्यात्मक प्रस्तुति नदेखाएर, यसले सामाजिक क्रुरता, सामूहिक मौनता तथा परम्परागत संस्कारको कठोर पक्षलाई प्रतिकात्मक रूप दिएको छ। यसरी लोकबाजामा केन्द्रित दृश्याङ्कनले मृत्यु संस्कारको भयावहता र आगामी सती प्रथाको त्रासद अवस्थालाई सङ्केत गर्छ। यस दृष्टान्तमा सर्गेइ आइजेन्स्टाइनको 'निकटस्थ दृश्यबन्ध अर्थ निर्माणको माध्यम हो' भन्ने धारणा स्पष्ट रूपमा देखिन्छ। निर्देशकले बाजा, ध्वनि र अँध्यारो वातावरणलाई नजिकका दृश्यबन्धमा संयोजन गरेर दर्शकमा मानसिक तनाव सिर्जना गरेका छन्। यसले दर्शकलाई केवल दृश्य हेर्ने अवस्थाबाट भावनात्मक अनुभूतितर्फ लैजान्छ। यसरी चलचित्रमा यस दृश्याङ्कनका माध्यमले संस्कार संस्कृतिप्रतिको आस्था विश्वास, नारीको समर्पण, छोराको कर्त्व्य जस्ता कुरालाई छेउमा देखाएर अझ थप रोचकताका प्रस्तुत गरेको पाइन्छ। चलचित्रमा निकटस्थ दृश्यबन्ध दृश्याङ्कनको प्रयोग केवल दृश्यात्मक सौन्दर्यका लागि गरिएको छैन, यसले कथाको सांस्कृतिक, सामाजिक तथा मनोवैज्ञानिक अर्थ निर्माण गर्ने प्रमुख चलचित्रीय उपकरणका रूपमा कार्य गरेको छ।

### ३.५ सम्पादन

चलचित्र अध्ययन तथा छायाङ्कनका सन्दर्भमा सम्पादन भन्नाले कुनै दृश्यबन्धभित्र रहेका दृश्यात्मक तत्त्वहरूको योजनाबद्ध र सन्तुलित व्यवस्थापनलाई बुझिन्छ। जोसेफ भी मेस्केलीका विचारमा सम्पादन भन्नाले 'दृश्यबन्धभित्रका चित्रात्मक तत्त्वहरूलाई एकीकृत तथा सन्तुलित स्वरूपमा व्यवस्थित गर्ने प्रक्रिया' हो। यसको मुख्य उद्देश्य दर्शकको ध्यान आवश्यक विषयतर्फ केन्द्रित गर्नु तथा अपेक्षित भावनात्मक र मनोवैज्ञानिक प्रभाव उत्पन्न गर्नु हो। सम्पादनअन्तर्गत पात्रको स्थान, प्रकाश, रङ, बनावट, दूरी, दृश्यको गहिराइ तथा वस्तुहरूको पारस्परिक सम्बन्धलाई विचार गरिन्छ। निर्देशक अथवा छायाकारले कथाको आवश्यकता अनुसार दृश्यबन्ध निर्माण

गर्दा प्रत्येक दृश्यात्मक तत्त्वलाई निश्चित उद्देश्यका साथ प्रस्तुत गर्छन्। यसरी सम्पादनले चलचित्रको अर्थ, वातावरण, भाव तथा उपपाठ निर्माण गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। जोसेफ भी मेस्केलीले सम्पादनका सन्दर्भमा 'सरल राख्नु' भन्ने सिद्धान्तलाई प्रश्रय दिएका छन्। यस अर्थमा के बुझिन्छ भन्दा दृश्यलाई अनावश्यक रूपमा जटिल नबनाई कथालाई आवश्यक पर्ने तत्त्वहरू मात्र दृश्यबन्धमा समावेश गर्नु हो। प्रभावकारी सम्पादनले दर्शकलाई कथासँग भावनात्मक रूपमा जोड्ने तथा दृश्यलाई सौन्दर्यात्मक रूपमा आकर्षण बनाउने कार्य गर्दछ। यसरी सम्पादन चलचित्रको दृश्यात्मक भाषा निर्माण गर्ने महत्त्वपूर्ण तत्त्व हो। यसले दृश्यलाई केवल सौन्दर्यपूर्ण मात्र नभई अर्थपूर्ण बनाउँछ। विभिन्न प्रकारका दृश्याङ्कनहरूको प्रयोगद्वारा निर्देशकले दर्शकको ध्यान नियन्त्रण गर्ने, भावनात्मक प्रभाव सिर्जना गर्ने तथा कथालाई प्रभावकारी रूपमा प्रस्तुत गर्ने कार्य गर्दछ। त्यसैले सम्पादन चलचित्रको कथावाचन प्रक्रियाको आधारभूत र अनिवार्य पक्ष मानिन्छ। सम्पादनका 'अत्यन्त दीर्घ दृश्याङ्कन' (एक्सट्रिम लङ सट्), 'दीर्घ दृश्याङ्कन' (लङ सट्), 'मध्यम दीर्घ दृश्याङ्कन' (मिड-लङ सट्), 'मध्यम दृश्याङ्कन' (मिड सट्), 'मध्यम निकट दृश्याङ्कन'(मिड क्लोज-अप), 'निकट दृश्याङ्कन' (क्लोज अप), 'अत्यन्त निकट दृश्याङ्कन' (एक्सट्रिम क्लोज-अप) (रोय: इ सं- २०२२, पृष्ठ-३४) गरी सातवटा प्रकारहरू छन्। सम्पादनका यी तत्त्वहरूले पात्र, वस्तु तथा परिवेशलाई कति टाढाबाट देखाउने भन्ने निर्धारण गर्दछन्। यसरी माथि उल्लिखित सम्पादनका सातवटा आधारभूत तत्त्वका आधारमा 'झोला' चलचित्रको अध्ययन गरिएको छ।

### ३.५.१ अत्यन्त दीर्घ दृश्याङ्कन

अत्यन्त दीर्घ दृश्याङ्कन (एक्सट्रिम लङ सट)-लाई विस्तृत दीर्घ दृश्याङ्कन पनि भनिन्छ। यो कुनै स्थान अथवा परिवेशलाई अत्यन्तै फराकिलो रूपमा प्रस्तुत गर्ने दृश्य संरचना हो। चलचित्र अथवा दृश्यको घटना स्थल स्थापित गर्न यस प्रकारको दृश्याङ्कन प्रयोग गरिन्छ। सामान्यतया नयाँ दृश्यको सुरुआत, स्थान परिवर्तन अथवा कथाको परिवेश दर्शकलाई परिचित गराउन 'अत्यन्त दीर्घ दृश्याङ्कन'-को प्रयोग गरिन्छ। यस दृश्याङ्कनले दर्शकलाई स्थानको विशालता, भौगोलिक विस्तार तथा वातावरणबारे स्पष्ट अनुभूति गराउँछ। यसमा मानव आकृति अथवा पात्र अत्यन्त सानो र गौण रूपमा देखिन्छ भने सम्पूर्ण परिवेश मुख्य रूपमा केन्द्रित हुन्छ। यस आधारमा 'अत्यन्त दीर्घ दृश्याङ्कन'-बारे डेविड ब्रोडवेल र क्रिस्टिन थम्पसन यसो लेख्छन्- "जहाँ मानव आकृति अत्यन्त सानो रूपमा देखिन्छ अथवा कहिलेकाहीँ स्पष्ट रूपमा छुट्ट्याउन पनि कठिन हुन्छ। यस प्रकारको सट्मा पात्रभन्दा बढी परिवेश भू-दृश्य, प्राकृतिक वातावरण अथवा स्थानको विशालता प्रस्तुत गरिन्छ" (ब्रोडवेल र थम्पस्न: इ सं २०२०, पृष्ठ-१८९)। 'झोला' चलचित्रका आधारमा हेर्दा यस दृश्याङ्कनको प्रयोग ग्रामीण परिवेश, सामाजिक संरचना तथा पात्रको अवस्थालाई दृश्यात्मक रूपमा स्थापित गर्न भएको छ। 'अत्यन्त दीर्घ दृश्याङ्कन'-ले पात्रभन्दा परिवेशलाई बढी महत्त्व दिने भएकाले चलचित्रको वातावरण, समय, सामाजिक यथार्थ र पात्रको एक्लोपनलाई प्रभावकारी ढङ्गले प्रस्तुत गरेको छ। उदाहरण-

**चित्र ११ - अत्यन्त दीर्घ दृश्याङ्कनद्वारा गरिएको छायाङ्कनको नमुना**



प्रस्तुत दृश्य 'झोला' चलचित्रबाट लिइएको 'अत्यन्त दीर्घ दृश्याङ्कन'-को उत्कृष्ट उदाहरण हो। चलचित्रमा यो दृश्य ४१ मिनट १८ सेकेन्डमा रहेको छ। यस दृश्यमा शव बोकेर हिँडिरहेका मानिसहरूको लामो पङ्क्ति निकै टाढाबाट देखाइएको छ। मानिसहरू साना आकृतिमा देखिएका छन् भने विशाल खेत, बाटो र प्राकृतिक परिवेशले ठुलो स्थान ओगटेको छ। यसले ग्रामीण नेपाली समाजको परिवेश, सामाजिक संरचना र घट्नाको गम्भीरतालाई एकैचोटि प्रस्तुत गरेको छ। यसका साथै 'अत्यन्त दीर्घ दृश्याङ्कन'-का प्रयोगले यहाँ निम्न सौन्दर्यात्मक तथा भावात्मक प्रभाव सिर्जना गरेको देखिन्छ। ती हुन्- परिवेशको प्रधानता, शोकपूर्ण वातावरण, सामाजिक दूरत्वको सङ्केत, यथार्थवादी प्रस्तुति र दृश्यात्मक सन्तुलन। परिवेशको प्रधानता विशेष गरी दृश्यमा मान्छेभन्दा गाउँको भूगोल, खेतका तहहरू र प्राकृतिक शून्यता बढी देखिन्छ, जसले कथाको सामाजिक यथार्थलाई बलियो बनाएको छ। दृश्यमा शोकपूर्ण वातावरण विशेष गरी शवयात्रालाई टाढाबाट देखाउँदा मृत्युको पीडा व्यक्तिगत नभई सामूहिक अनुभूतिका रूपमा प्रस्तुत भएको छ। यथार्थवादी प्रस्तुति दृश्यमा प्राकृतिक प्रकाश, खुल्ला स्थान र लामो दूरीको संरचनाले दृश्यलाई वृत्तचित्रात्मक यथार्थता दिएको छ। दृश्यात्मक सन्तुलन विशेष गरी शवयात्राको लाइन, खेतका तहगत आकृति र खुल्ला भू-भागले दृश्यबन्धमा सौन्दर्यात्मक संरचना निर्माण गरेका छन्। यसरी माथि राखिएको दृष्टान्तमा 'अत्यन्त दीर्घ दृश्याङ्कन'-ले केवल शवयात्रा मात्र देखाएको छैन; यसले नेपाली ग्रामीण समाजको शोक, सामाजिक परम्परा, प्रकृतिसँगको सम्बन्ध तथा पात्रहरूको अस्तित्वगत सानोपनलाई प्रभावकारी रूपमा अभिव्यक्त गरेको छ।

### ३.५.२ दीर्घ दृश्याङ्कन

'दीर्घ दृश्याङ्कन' (लङ सट)-लाई विस्तृत दृश्याङ्कन पनि भनिन्छ। यो 'अत्यन्त दीर्घ दृश्याङ्कन' भन्दा केही नजिकको दृश्य संरचना हो। यसमा पात्रको सम्पूर्ण शरीर देखाइन्छ, तर बाहिरी परिवेशको पर्याप्त भाग पनि समेटिएको हुन्छ। यस सट्को उद्देश्य पात्र र उसको वातावरणबीचको सम्बन्धलाई दर्शकसमक्ष प्रस्तुत गर्नु हो। यसले पात्र कुन परिवेशमा अवस्थित छ भन्ने सन्दर्भ स्पष्ट पार्छ। दीर्घ दृश्याङ्कन बाहिरी तथा भित्री दुवै स्थानमा प्रयोग गर्न सकिन्छ। 'दीर्घ दृश्याङ्कन' सम्बन्धी जोसेफ भी मेस्केली यसो लेख्छन्- "दीर्घ दृश्याङ्कनका प्रयोगले पात्रको स्थिति, गतिविधि र परिवेशबीचको सम्बन्धलाई स्पष्ट पार्दै दृश्यको निरन्तरता निर्माण गर्न सहयोग पुऱ्याउँछ" (मेस्केली: १९९५, पृष्ठ-२७)। 'झोला' चलचित्रमा यस दृश्याङ्कनको प्रयोग कलात्मक ढङ्गले भएको छ। चलचित्रमा यस दृश्याङ्कनको प्रयोग सामाजिक परिवेश तथा पात्रहरूको अवस्थालाई प्रभावकारी रूपमा देखाउन भएको छ। 'दीर्घ दृश्याङ्कन'-ले पात्रको सम्पूर्ण शरीरसँगै वरिपरिको वातावरणलाई समेट्ने भएकाले चलचित्रको ग्रामीण यथार्थ, सामाजिक संरचना तथा पात्रको जीवन सङ्घर्षलाई दृश्यात्मक रूपमा स्पष्ट बनाएको छ। उदाहरण-

**चित्र १२ - दीर्घ दृश्याङ्कनद्वारा गरिएको छायाङ्कनको नमुना**



प्रस्तुत दृश्य 'दीर्घ दृश्याङ्कन'-द्वारा खिचिएको छ। चलचित्रमा यो दृश्य ४३ मिनट १३ सेकेन्डमा रहेको छ। यस दृश्यमा पात्रहरूको सम्पूर्ण शरीरसँगै वरिपरिको वातावरणलाई पनि स्पष्ट रूपमा समेटिएको छ। 'दीर्घ दृश्याङ्कन'-को मुख्य विशेषता भनेकै पात्र र परिवेशबीचको सम्बन्धलाई एकसाथ प्रस्तुत गर्नु हो, जुन यस दृश्यमा प्रभावकारी रूपमा देखिन्छ। यसरी जङ्गलको दृश्य, ढुङ्गायुक्त बाटो, रूखपात तथा समूहमा रहेका पात्रहरूलाई एउटै

दृश्यबन्धमा देखाइएको छ। यसले कथाको सामाजिक तथा सांस्कृतिक परिवेशलाई स्थापित गरेको छ। विशेषत: रातो पहिरनमा देखिएकी नारी पात्रलाई अन्य पात्रहरूको बीचमा राखेर प्रस्तुत गरिएको छ, जसले उनको अवस्थाप्रति सामाजिक नियन्त्रण र दवाबको सङ्केत गर्दछ। यसरी 'दीर्घ दृश्याङ्कन'-का प्रयोगले व्यक्तिगत भावनाभन्दा सामूहिक सामाजिक अवस्थालाई बढी महत्त्व दिएको छ। दृश्यमा रहेका सबै पात्रहरूको गतिविधि, दूरी तथा आपसी सम्बन्धलाई एउटै दृश्यबन्धमा देखाइएका हुनाले दर्शकले घट्नाको समग्र वातावरण बुझ्न सक्छ। यसरी दृश्यलाई 'दीर्घ दृश्याङ्कन'-का माध्यमले यथार्थवादी तथा सामाजिक रूपमा विश्वसनीय बनाएको छ। समग्रमा भन्नुपर्दा यस दृश्यमा 'दीर्घ दृश्याङ्कनले'-ले ग्रामीण समाजको परम्परागत संरचना, धार्मिक, सामाजिक क्रियाकलाप तथा नारी पात्रको असहाय अवस्थालाई दृश्यात्मक रूपमा प्रभावकारी ढङ्गले अभिव्यक्त गरेको छ।

### ३.५.३ मध्यम दीर्घ दृश्याङ्कन

'मध्यम दीर्घ दृश्याङ्कन' (मिड लङ सट)-ले पात्रलाई टाउकादेखि घुँडामुनिसम्मको भागमा फ्रेम गर्दछ। यो दीर्घ दृश्याङ्कनभन्दा केही नजिकमा राखेर खिचिन्छ, र दर्शकलाई पात्रतर्फ थप केन्द्रित गराउँछ। चलचित्र अध्ययनमा यसलाई 'काउबोइ सट्' पनि भनिन्छ। यस दृश्याङकनले  पात्रको पोशाक, हाउभाउ, शारीरिक गतिविधि तथा अभिव्यक्तिलाई अझ स्पष्ट रूपमा प्रस्तुत गर्दछ। पात्रहरूबीचको अन्तर्क्रिया तथा सम्बन्ध देखाउन पनि यो दृश्याङ्कन प्रभावकारी मानिन्छ। 'मध्यम दीर्घ दृश्याङ्कन' सम्बन्धी माइकल रेबिगारले आफ्नो 'डायरेक्टिङ फिल्म टेक्निक्स एन्ड एस्थ्याटिक्स' नामक पुस्तकमा यसो लेखेका छन्- "मध्यम दीर्घ दृश्याङ्कनले पात्रलाई पर्याप्त नजिकबाट देखाउँछ, तर परिवेशलाई पूर्ण रूपमा हटाउँदैन। यसले पात्रको व्यवहार, शारीरिक सङ्केत तथा दृश्यको वातावरणलाई एकैसाथ प्रस्तुत गर्न सहयोग पुऱ्याउँछ"(रेबिगार: इ सं २००८, पृष्ठ-९३)। 'झोला' चलचित्रका आधारमा भन्नुपर्दा यस दृश्याङ्कनका माध्यमले केवल पात्रलाई देखाउने काम मात्र गरेको छैन; यसले सामाजिक दमन सांस्कृतिक परम्परा पात्रहरूको अन्तर्क्रिया तथा भावनात्मक अवस्थालाई यथार्थवादी ढङ्गले अभिव्यक्त गरेको छ। उदाहरण-

**चित्र १३ - मध्यम दीर्घ दृश्याङ्कनद्वारा गरिएको छायाङ्कनको नमुना**



माथि राखिएको दृश्य 'मध्यम दीर्घ दृश्याङ्कन'-को एउटा ज्वलन्त उदाहरण हो। प्रस्तुत दृश्य चलचित्रमा ४४ मिनट ४० सेकेन्डमा रहेको पाइन्छ। यस दृश्यमा नारी पात्रलाई टाउकोदेखि घुँडामाथिसम्मको भागलाई फ्रेम गरिएको छ, जसले पात्रको शारीरिक उपस्थिति हाउभाउ तथा परिवेशबीच सन्तुलन कायम गरेको देखिन्छ। 'मध्यम दीर्घ दृश्याङ्कन'-को मुख्य विशेषता पात्रको गतिविधि र भावनात्मक अवस्थासँगै उसको सामाजिक तथा भौतिक परिवेशलाई पनि दृश्यमा समेट्नु हो, जुन यस दृश्यमा स्पष्ट रूपमा अभिव्यक्त भएको छ। दृश्यमा पात्रलाई जङ्गलको प्राकृतिक परिवेशबीच एक्लो रूपमा प्रस्तुत गरिएको छ। वरिपरिका रूख, हरियाली तथा प्राकृतिक परिवेशले ग्रामीण वातावरणलाई यथार्थवादी ढङ्गले स्थापित गरेका छन्। पात्रको रातो पोषाकले दृश्यमा विशेष दृश्यात्मक केन्द्र सिर्जना गरेको छ। नेपाली समाजमा रातो पहिरन वैवाहिक जीवन, परम्परा तथा सामाजिक संस्कारसँग सम्बन्धित प्रतीक मानिन्छ। तर यहाँ पात्रको अनुहारमा देखिएको गम्भीरता, निराशा तथा मौन भावले सामाजिक पीडा, मानसिक

तनाव र असुरक्षाको सङ्केत गर्दछ। यस दृश्यमा 'मध्यम दीर्घ दृश्याङ्कन'-को प्रयोगका कारण दर्शकले पात्रको शरीरभाषा र परिवेशलाई एकैसाथ अवलोकन गरेको छ। पात्रको झुकेको दृष्टि, स्थिर चाल तथा एकान्त अवस्थाले उसको आन्तरिक द्वन्द्व र मनोवैज्ञानिक पीडालाई दृश्यात्मक रूपमा अभिव्यक्त गरेको छ। यदि यही दृश्य 'नजिकका दृश्यबन्ध' दृश्याङ्कन मार्फत् प्रस्तुत गरिएको भए परिवेशीय सन्दर्भ लोप हुन्थ्यो, तर 'मध्यम दीर्घ दृश्याङ्कन'-ले पात्र र वातावरणबीचको सम्बन्धलाई सन्तुलित रूपमा देखाएको छ। समग्रमा भन्नुपर्दा 'मध्यम दीर्घ दृश्याङ्कन'-ले केवल दृश्य संरचना मात्र निर्माण गरेको छैन; यसले पात्रको मनोवैज्ञानिक अवस्था, सामाजिक यथार्थ तथा सांस्कृतिक प्रतीकलाई एकीकृत रूपमा अभिव्यक्त गरेको छ। यस प्रकारको दृश्य संरचनाले 'झोला' चलचित्रको यथार्थवादी शैलीलाई सशक्त बनाउँदै नेपाली ग्रामीण समाजमा विद्यमान पितृसत्तात्मक विचारधारा र नारी उत्पीडनको विमर्शलाई दृश्यात्मक रूपमा प्रभावकारी बनाएको देखिन्छ।

### ३.५.४ मध्यम दृश्याङ्कन

चलचित्रमा 'मध्यम दृश्याङ्कन (मिड सट)'-को महत्त्व बहुआयामिक छ। यस प्रकारको दृश्य संरचनाले मानव आकृतिलाई टाउकोदेखि कम्मरभन्दा केही तलसम्मको दृश्यलाई दृश्यबन्धभित्र समेट्ने भएकाले यसलाई उक्त नाम दिइएको हो। यस दृश्याङ्कनले पात्रको हाउभाउलाई अझ स्पष्ट रूपमा प्रस्तुत गर्दछ। यसले दर्शकको ध्यान वरिपरिको वातावरणभन्दा बढी पात्रतर्फ केन्द्रित गराउँछ। यस प्रकारको दृश्य संरचनामा परिवेशको दृश्यता अपेक्षाकृत थोरै हुँदा पात्र स्वयम् प्रमुख रूपमा स्थापित हुँदछ। यस प्रकारको दृश्याङ्कन बाह्य वा आन्तरिक दुवै परिवेशमा प्रयोग गर्न सकिन्छ। चार भित्ताभन्दा बाहिरको खुल्ला स्थानमा खिचिएको दृश्य बाह्य दृश्याङ्कन हो, भने आन्तरिक सट् चार भित्ताभित्रको सीमित परिवेशमा खिचिएको दृश्य बुझिन्छ। यस अतिरिक्त 'मध्यम दृश्याङ्कन'- चलचित्रको कथानकलाई सहज र प्रवाहमय बनाउने कार्य गर्दछ। पात्रहरूको संवाद, शारीरिक चालचलन तथा सम्बन्धलाई स्पष्ट रूपमा अभिव्यक्त गर्न सकिने भएकाले यसलाई चलचित्र, टेलिभिजन कार्यक्रम तथा समाचार प्रस्तुतिकरणमा व्यापक रूपमा प्रयोग गरिन्छ। त्यसैले 'मध्यम दृश्याङ्कन'-लाई दृश्य सम्प्रेषणको प्रभावकारी माध्यमका रूपमा अध्ययन गरिन्छ। यस सन्दर्भमा डेविड ब्रोडवेल र क्रिस्टिन थम्पसन यसो लेख्छन्- "मध्यम दृश्याङ्कन संवाद, पात्रको प्रतिक्रिया तथा दृश्यको सन्दर्भलाई एकैसाथमा प्रस्तुत गर्ने प्रभावकारी चलचित्रीय माध्यम हो"(ब्रोडवेल र थम्पसन: इ सं २०२०, पृष्ठ-१९०)। 'मध्यम दृश्याङ्कन' प्रयोगका दृष्टिले झोला चलचित्रलाई हेर्दा पीडा, असहायता र सामाजिक उत्पीडनलाई दर्शकसम्म स्वभाविक ढङ्गले सम्प्रेषण गर्न यस दृश्याङ्कनको व्यापक प्रयोग गरिएको छ। उदाहरण-

**चित्र १४- मध्यम दृश्याङ्कनद्वारा गरिएको छायाङ्कनको नमुना**




'झोला' चलचित्रबाट लिइएको प्रस्तुत दृश्य 'मध्यम दृश्याङ्कन'-का दृष्टिले अत्यन्त प्रभावकारी तथा अर्थपूर्ण देखिन्छ। यो दृश्य चलचित्रभित्र १ घण्टा १० मिनट ५५ सेकेण्मा रहेको छ। यस दृश्यमा क्यामेराले बाल पात्रलाई टाउकोदेखि घुँडाभन्दा केही तलसम्मको दृश्यबन्धभित्र समेटेको छ, जसले पात्रको अनुहारको भाव, शारीरिक मुद्रा र वरिपरिको सामाजिक परिवेशलाई सन्तुलित रूपमा प्रस्तुत गरेको छ। 'मध्यम दृश्याङ्कन'-को यही संरचनात्मक

विशेषताले दृश्यलाई केवल दृश्यात्मक मात्र नभई भावनातमक तथा वैचारिक रूपमा प्रभावकारी बनाएको छ। दृश्यको केन्द्रमा रहेको बाल पात्रको मुन्डित टाउको, सेतो वस्त्र, तथा हातमा रहेको लठ्ठीले तत्कालीन नेपाली ग्रामीण समाजमा प्रचलित धार्मिक-सामाजिक संस्कार तथा बालमनोविज्ञानलाई सङ्केत गर्दछ। पात्रको अनुहारमा देखिएको गम्भीरता, आँखाको स्थिरता र संवाद प्रस्तुत गर्ने शैलीले ऊभित्र रहेको मानसिक दबाब तथा असुरक्षाको भावलाई स्पष्ट पार्छ। प्रस्तुत उदाहरणमा 'मध्यम दृश्याङ्कन'-ले अनुहारको अभिव्यक्तिलाई पर्याप्त स्पष्टता दिएकाले दर्शकले पात्रको भावनात्मक अवस्था सहज रूपमा ग्रहण गर्न सक्छ। यही कारणले दृश्यमा करुणा र संवेदनाको प्रभाव अझ तीव्र बनेको छ। यस दृश्यको अर्को महत्त्वपूर्ण पक्ष भनेको पात्र र परिवेशबीच कायम गरिएको दृश्यात्मक सम्बन्ध हो। पृष्ठभूमिमा देखिएका प्राकृतिक परिवेश तथा ग्रामीण संरचनाहरूले नेपाली गाउँ समाजको यथार्थलाई प्रतिनिधित्व गरेका छन्। 'मध्यम दृश्याङ्कन'-ले दृश्यमा परिवेशलाई पूर्ण रूपमा हटाएको छैन; बरु पात्रलाई केन्द्रमा राख्दै सामाजिक वातावरणलाई पनि जीवित राखेको छ। यसले दर्शकलाई पात्रको व्यक्तिगत अवस्थासँगै उसको सामाजिक सन्दर्भ बुझ्न सहयोग पुऱ्याएको छ। यसका साथै क्यामेराको संरचनात्मक व्यवस्थापनले दृश्यको अर्थलाई महत्त्वपूर्ण बनाएको छ। अग्रभूमिमा आंशिक रूपमा देखिएको अर्को पात्रले दृश्यमा सम्बन्धनात्मक तनाव र शक्ति संरचनाको सङ्केत प्रदान गरेको छ। बाल पात्र स्पष्ट रूपले केन्द्रमा रहनु र अर्को पात्र अस्पष्ट तथा आंशिक रूपमा रहनुले दृश्यको भावनात्मक केन्द्र बाल पात्रमै रहेको बुझाउँछ, जसले दर्शकको ध्यान प्रत्यक्ष रूपमा बाल पात्रको अनुभूति र संवादमा केन्द्रित रहेको छ। यदि यस दृश्यमा निकट दृश्याङ्कन तथा दीर्घ दृश्याङ्कनको प्रयोग गरिएको भए एकातिर पात्रको भावनात्मक पक्ष तीव्र हुन्थ्यो, तर सामाजिक परिवेशको सन्दर्भ फ्यातुलो हुन पुग्थ्यो भने अर्कोतिर वातावरणको विस्तार त देखिन्थ्यो, तर पात्रको मनोवैज्ञानिक स्थिति थोरै प्रभावकारी बन्न सक्थ्यो। त्यसैले यस चलचित्रमा निर्देशकले 'मध्यम दृश्याङ्कन'-को प्रयोग गरेर पात्रको भावना, सामाजिक परिवेश र कथात्मक सन्दर्भबीच सन्तुलन कायम गरेका छन्।

### ३.५.५ मध्यम निकट दृश्याङ्कन

'मध्यम निकट दृश्याङ्कन (मिड क्लोज अप्स)'-लाई 'वक्षस्थल दृश्याङ्कन' (बस्ट सट्) पनि भनिन्छ। यस प्रकारको दृश्य संरचनाले पात्रलाई दर्शकसँग नजिक ल्याउँछ। यसो हुँदा दृश्यमा वरपरको वातावरणीय विवरण तुलनात्मक रूपमा कम महत्त्वपूर्ण देखिन्छ। चलचित्र तथा टेलिभिजनमा यो सबैभन्दा बढी प्रयोग हुने दृश्याङ्कनहरूमध्ये एउटा हो। किनभने यसको दृश्य सीमा मानिसको स्वाभाविक संवाद अनुभूतिसँग मेल खान्छ। नजिक उभिएर कसैसँग संवाद गरिरहेको अवस्थाको दृष्टि क्षेत्रसँग यसको संरचना समान मानिन्छ। चलचित्रीय दृश्यबन्धमा 'मध्यम निकट दृश्याङ्कन'-ले पात्रलाई टाउकोदेखि लिएर काँधको बीचसम्म समेट्छ। यसले विशेषत: दुई पात्रबीचको संवाद, अन्तर्क्रिया तथा भाव अभिव्यक्तिलाई स्पष्ट रूपमा प्रस्तुत गर्न सहयोग पुऱ्याउँछ। यस प्रकारको दृश्याङ्कनमा पृष्ठभूमि अपेक्षाकृत गौण देखिने भएकाले दर्शकको ध्यान पात्रको प्रतिक्रिया र भावनात्मक अवस्थामै केन्द्रित हुन्छ। 'मध्यम निकट दृश्याङ्कन' आन्तरिक तथा बाह्य दुवै परिवेशमा प्रभावकारी रूपमा प्रयोग गर्न सकिने दृश्य संरचना हो। माथि उल्लिखित कुराहरूका आधारमा जोसेफ भी मेस्केलीका विचारलाई यहाँ राखिएको छ- "मध्यम निकट दृश्याङ्कन संवाद दृश्यका लागि उपयुक्त दृश्याङ्कन हो। यसले पात्रहरूको भाव, प्रतिक्रिया र आपसी सम्बन्धलाई स्वाभाविक तथा प्रभावकारी रूपमा प्रस्तुत गर्छ" (मेस्केली: इ सं १९९५, पृष्ठ-२८)। 'झोला' चलचित्रका आधारमा हेर्दा यस दृश्याङ्कनको प्रयोग पात्रहरूको भावनात्मक अवस्था, सामाजिक पीडा तथा मनोवैज्ञानिक द्वन्द्वलाई प्रभावकारी रूपमा प्रस्तुत गर्न गरिएको देखिन्छ। विशेषत: गरिबी, पारिवारिक तनाव र सामाजिक यथार्थसँग सम्बन्धित दृश्यहरूमा निर्देशकले पात्रको अनुहार, हाउभाउ र प्रतिक्रिया स्पष्ट देखाउन 'मध्यम निकट दृश्याङ्कन'-को प्रयोग गरेका छन्। उदाहरण-

**चित्र १५ - मध्यम निकट दृश्याङ्कनद्वारा गरिएको छायाङ्कनको नमुना**




'झोला' चलचित्रमा प्रस्तुत गरिएको यस दृश्यमा 'मध्यम निकट दृश्याङ्कन'-को उत्कृष्ट प्रयोग भएको देखिन्छ। यो दृश्य चलचित्रमा ३३ मिनट ५० सेकेन्डमा रहेको छ। यस दृश्याङ्कनमा पात्रको अनुहार र काँधसम्मको भागलाई केन्द्रमा राखिएको छ, जसले उसको भावनात्मक अवस्था स्पष्ट रूपमा अभिव्यक्त गरेको छ। पात्रको आँखामा देखिएको आँसु र अनुहारको निराशा भावले मानसिक पीडा र आन्तरिक सङ्घर्षलाई कलात्मक रूपमा प्रस्तुत गरेको छ। 'मध्यम निकट दृश्याङ्कन'-को प्रयोगका कारण दर्शकको ध्यान मुख्यत: पात्रको भाव अभिव्यक्तिमा केन्द्रित भएको छ भने पृष्ठभूमि गौण बनेको देखिन्छ। दृश्यमा प्रयोग गरिएको मधुरो प्रकाश र गाढा रङ संयोजनले पनि पीडा, भय तथा सामाजिक अन्यायको वातावरण निर्माण गरेको छ। चलचित्र अध्ययनका दृष्टिकोणबाट हेर्दा यस दृश्यमा प्रयोग गरिएको 'मध्यम निकट दृश्याङ्कन'-ले केवल पात्रको अनुहार मात्र प्रस्तुत नगरेर तत्कालीन नेपाली समाजमा विद्यमान पितृसत्तात्मक संरचना, नारी उत्पीडन तथा सामाजिक कुरीतिप्रतिको प्रतिरोधलाई प्रतीकात्मक रूपमा देखाएको छ। त्यसैले प्रस्तुत दृश्यमा 'मध्यम निकट दृश्याङ्कन'-का प्रयोगले चलचित्रको भावनात्मक पक्ष, यथार्थपरकता तथा सामाजिक सन्देशलाई प्रभावकारी रूपमा दर्शकले सम्प्रेषण गरेको छ।

### ३.५.६ निकट दृश्याङ्कन

'निकटस्थ दृश्याङ्कन (क्लोज अप्स)' चलचित्रमा आवश्यक हुँदछ। यस प्रकारको दृश्याङ्कनमा पृष्ठभूमि कम महत्त्वपूर्ण हुने भएकाले दर्शकको सम्पूर्ण ध्यान पात्रको भावनात्मक अवस्था तथा संवेदनशील दृश्यहरूमा बढी प्रयोग गरिन्छ। तथापि यहाँ 'निकटस्थ दृश्याङ्कन'-को चर्चा गरिँदैन, यसको चर्चा पहिलेबाटै नजिकका दृश्यबन्ध शीर्षक राखेर गरिएको छ।

### ३.५.७ अत्यन्त निकट दृश्याङ्कन

'अत्यन्त निकट दृश्याङ्कन (एक्सट्रिम क्लोज अप्स)' चलचित्र छायाङ्कनमा सीमित तथा उद्देश्यपूर्ण रूपमा प्रयोग गरिने दृश्य संरचनामध्ये एउटा हो। कुनै व्यक्तिसँग अत्याधिक नजिकिएर संवाद गर्दा जसरी असहज अनुभूति उत्पन्न हुन्छ, त्यसतै प्रभाव दर्शकमाझ पनि सिर्जना हुन सक्ने भएकाले 'अत्यन्त निकट दृश्याङ्कन'-को प्रयोग सतर्कसँग गरिनुपर्छ। यसै कारण सामान्य चलचित्रमा अत्याधिक निकट दृश्य न्यून मात्रामा प्रयोग गरिन्छ। यस प्रकारको दृश्य संरचना विशेषत: तीव्र नाटकीय प्रभाव सिर्जना गर्न उपयोगी मानिन्छ, किनभने यसले कुनै विशिष्ट विवरणप्रति दर्शकको ध्यान केन्द्रित गराउँछ। 'अत्यन्त निकट दृश्याङ्कन'-को प्रयोग उत्कण्ठा निर्माण गर्न, तनाव उत्पन्न गर्न तथा दर्शकमा आशंका अथवा मनोवैज्ञानिक दबाबको अनुभूति गराउन प्रभावकारी हुन्छ। अनुहारका सन्दर्भमा यसले विशेष गरी आँखा अथवा ओठ जस्ता अङ्गहरूमा केन्द्रित भई भावनात्मक अभिव्यक्तिलाई सशक्त बनाउँछ। यसका साथै 'अत्यन्त निकट दृश्याङ्कन' मानव अनुहारमा मात्र सीमित नभई निर्जीव वस्तुहरूको सूक्ष्म विवरण प्रस्तुत गर्न समेत प्रयोग गरिन्छ। यस आधारमा जोसेफ भी मेस्केली यसो लेख्छन्- "निकट दृश्याङ्कन तथा अत्यन्त निकट दृश्याङ्कन दृश्यहरूले पात्रको भावनात्मक अवस्थालाई तीव्र रूपमा अभिव्यक्त गर्छन् र दर्शकको ध्यान विशिष्ट वस्तु

वा भावनातर्फ केन्द्रित गराउँछन्" (मेस्केली: इ सं १९९५, पृष्ठ-२५१-२५२)। यसरी अत्यन्तै नजिकको दृश्य चलचित्र निर्माणका दृष्टिले प्रभावकारी उपकरण भए तापनि यसको प्रयोग सन्तुलित, सान्दर्भिक तथा सीमित रूपमा गरिनु उपयुक्त मानिन्छ। यस दृश्याङ्कनका दृष्टिले 'झोला' चलचित्रलाई हेर्दा चलचित्रका विभिन्न दृश्यमा पात्रको आँखा, आँसु, अनुहारका सूक्ष्म हाउभाउ तथा कम्पनलाई अत्यन्तै नजिकबाट प्रस्तुत गरिएको पाइन्छ। यसरी पात्रको भय, अन्यायप्रतिको पीडा तथा सामाजिक दबाबको अवस्थालाई चलचित्रमा 'अत्यन्त निकट दृश्याङ्कन'-ले प्रभावकारी ढङ्गमा प्रस्तुत गरेको छ। उदाहरण-

**चित्र १६ - अत्यन्त निकट दृश्याङ्कनद्वारा गरिएको छायाङ्कनको नमुना**



प्रस्तुत दृश्य 'झोला' चलचित्रमा प्रयोग गरिएको 'अत्यन्त निकट दृश्याङ्कन'-को उत्कृष्ट उदाहरण हो। यो दृश्य चलचित्रमा ४५ मिनट ५२ सेकेन्डमा रहेको छ। यस दृश्याङ्कनमा पात्रको अनुहारलाई अत्यन्तै नजिकबाट देखाइएको छ, जसले बाह्य परिवेशभन्दा बढी उसको आन्तरिक मनोदशा, पीडा र भावनात्मक द्वन्द्वलाई केन्द्रमा ल्याएको छ। यस दृश्यमा नारी पात्रको अनुहारमा देखिएको निस्तेज, आँखाको गहिरो भाव, मौनता र स्थिर दृष्टिले उसको मानसिक तनाव, असहायता तथा जीवनप्रतिको निराशालाई सङ्केत गर्दछ। यस दृश्याङ्कनले पात्रको आँखाभित्र लुकेको पीडा दर्शकसम्म प्रत्यक्ष रूपमा पुऱ्याउने काम गरेको छ। विशेषत: आँखाको भाव र अनुहारको सूक्ष्म हाउभाउले संवादबिनै चरित्रको मनोवैज्ञानिक अवस्था अभिव्यक्त भएको छ। छायाङ्कनका दृष्टिले हेर्दा यस दृश्यमा पृष्ठभूमिलाई धमिलो बनाइएको छ। यसले दर्शकको सम्पूर्ण ध्यान पात्रको अनुहारमा केन्द्रित गराउँछ। हरियो र फिक्का रङ्को संयोजनले दृश्यमा उदासी, दमन र शून्यता झल्काएको छ। प्राकृतिक प्रकाशको मधुर प्रयोगले यथार्थपरक वातावरण सिर्जना गरेको छ, जसले चलचित्रको ग्रामीण तथा सामाजिक यथार्थलाई अझ सशक्त बनाएको छ। 'अत्यन्त निकट दृश्याङ्कन'-को अर्को महत्त्वपूर्ण पक्ष भनेको यसले पात्र र दर्शकबीच गहिरो भावनात्मक सम्बन्ध निर्माण गर्नु हो। दर्शकले पात्रको अनुहारमा देखिएको सूक्ष्म पीडालाई नजिकबाट अनुभव गर्न सक्छ। यसरी प्रस्तुत दृश्यलाई 'अत्यन्त निकट दृश्याङ्कन'-का माध्यमले नारी जीवनको वेदना, सामाजिक बन्धन र अन्तर्मनको सङ्घर्षलाई अत्यन्तै प्रभावकारी रूपमा देखाएको छ। यसरी छायाङ्कनका विभिन्न प्राविधिक उपकरणले 'झोला' चलचित्रलाई सफल पार्न तथा कलात्मक बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्।

## ४ निष्कर्ष

छायाङ्कन प्रविधिका दृष्टिले 'झोला' चलचित्रको अध्ययन गरे पश्चात् त्यसबाट प्राप्त निष्कर्षहरूलाई तल राखिएको छ। चलचित्रमा नेपाली ग्रामीण समाज, ऐतिहासिक यथार्थ, नारी पीडा तथा सांस्कृतिक परिवेशलाई दृश्यात्मक रूपमा प्रभावकारी ढङ्गले प्रस्तुत गरिएको छ। चलचित्रमा प्रयोग भएका छायाङ्कनका विविध पक्षहरूले कथावस्तुको भावात्मक गहिराइलाई मात्र होइन, दर्शकको मनोवैज्ञानिक संवेदनालाई समेत सशक्त रूपमा प्रभावित गरेको देखिन्छ। यसरी चलचित्रमा यथार्थवादी छायाङ्कनको सफल प्रयोग भएको छ। किनभने चलचित्रमा प्राकृतिक प्रकाश, ग्रामीण

परिवेश तथा वास्तविक स्थानहरूको प्रयोग गरिएको छ। विशेषत: गाउँघरका साँघुरा बाटा, कच्ची घर, वनजङ्गल र नदी किनाराका दृश्यले तत्कालीन नेपाली समाजको वास्तविक स्वरूप प्रस्तुत गरेका छन्। यस प्रकारको यथार्थवादी छायाङ्कनले दर्शकलाई कथाभित्र प्रत्यक्ष सहभागी भएको अनुभूति गराउँछ।

यस अतिरिक्त चलचित्रमा प्रकाश र छायाको प्रतीकात्मक प्रयोग भएको देखिन्छ। किनभने चलचित्रमा प्रयुक्त अँध्यारा दृश्य, मधुरो प्रकाश तथा छायाको सन्तुलित प्रयोगले पात्रहरूको मानसिक अवस्था र सामाजिक पीडालाई प्रतीकात्मक रूपमा अभिव्यक्त गरेको पाइन्छ। विशेषगरी नारीहरूको दमन, असहायता र भावनात्मक वेदनालाई कम प्रकाशयुक्त दृश्यमार्फत् प्रस्तुत गरिएको छ। यसबाट छायाङ्कन केवल दृश्य निर्माणको साधन नभई भाव अभिव्यक्तिको माध्यम बनेको निष्कर्ष निकाल्न सकिन्छ।

क्यामेरा कोण र गतिशीलताको प्रभावकारी प्रयोग चलचित्रमा भएको पाइन्छ। किनभने चलचित्रमा निकट दृश्याङ्कन, दीर्घ दृश्याङ्कन, मध्यम दृश्याङ्कनको सन्तुलित प्रयोग गरिएको छ। निकटका दृश्यहरूले पात्रहरूको आन्तरिक पीडा, आँसु डर तथा संवेदनालाई तीव्र रूपमा प्रस्तुत गरेका छन्, भने दीर्घ दृश्याङ्कनले ग्रामीण परिवेश र सामाजिक संरचनालाई व्यापक रूपमा देखाएको छ। यसले कथावस्तु र वातावरणबीच सशक्त सम्बन्ध स्थापित गरेको देखिन्छ।

यसका साथै चलचित्रमा रङ संयोजनद्वारा पनि भावको सिर्जना भएको छ। चलचित्रमा प्रयोग भएका फिका तथा प्राकृतिक रङहरूले शोक, पीडा र सामाजिक उत्पीडनको वातावरण निर्माण गरेको पाइन्छ। अत्याधिक चम्किला रङहरूको प्रयोग नगरी प्राकृतिक र माटोसँग मिल्दोजुल्दो रङको चयन गरिनाले चलचित्रको विषयवस्तु अनुकूल देखिन्छ, जसले कथाको गाम्भीर्यलाई अझ प्रभावकारी बनाएको छ।

यस अतिरिक्त छायाङ्कनका विभिन्न प्राविधिक उपकरणहरूले सांस्कृतिक परिवेशको दृश्यातमक प्रस्तुतिलाई जीवन्त बनाएको छ। यसरी छायाङ्कन मार्फत् नेपाली ग्रामीण संस्कृति, परम्परा, भेषभुषा र सामाजिक संरचनालाई सूक्ष्म रूपमा प्रस्तुत गरिएको छ। यसले चलचित्रलाई केवल मनोरञ्जनको माध्यम नभई सांस्कृतिक दस्तावेजका रूपमा स्थापित गरेको देखिन्छ।

यसरी भावनात्मक सम्प्रेषणमा पनि छायाङ्कनको भूमिका महत्त्वपूर्ण रहेको छ। चलचित्रको छायाङ्कनले संवादभन्दा बढी दृश्यमार्फत् भाव सम्प्रेषण गर्न सफल भएको पाइन्छ। मौन दृश्य, पात्रहरूको अनुहारमा केन्द्रित क्यामेरा तथा वातावरणीय ध्वनिसँगको संयोजनले दर्शकमा करुणा र संवेदनशीलता उत्पन्न गरेको छ। यसले चलचित्रको भावनात्मक प्रभावलाई दीर्घकालीन बनाएको निष्कर्ष निकालिएको छ। यसरी समग्रमा भन्नुपर्दा 'झोला' चलचित्रको छायाङ्कन प्रविधि नेपाली समाजको यथार्थ चित्रण, नारी जीवनको पीडा तथा ऐतिहासिक सामजिक संरचनाको आलोचनात्मक प्रस्तुतिकरणमा अत्यन्त प्रभावकारी देखिन्छ। चलचित्रमा प्रयोग गरिएका प्रकाश, क्यामेरा कोण, दृश्य संरचना तथा रङ संयोजनले कथावस्तुको संवेदनात्मक पक्षलाई सशक्त बनाएका छन्। त्यसैले यो चलचित्र नेपाली सिने जगत्मा यथार्थवादी र भावप्रधान छायाङ्कनको उत्कृष्ट उदाहरणका रूपमा स्थापित भएको यस शोध पत्रमा निष्कर्ष निकालिएको छ।

## सन्दर्भ

१ धरावासी कृष्ण, वि सं २०६७, **झोला**, काठमाडौँ, पैरवी बुक हाउस

२ सुवेदी राजेन्द्र, वि सं २०६९, **चलचित्र सिद्धान्त र नेपाली चलचित्र**, काठमाडौँ, पाठ्य सामग्री पसल

३ सायमी प्रकाश, इ सं २००४, **चलचित्र : कला र प्रविधि**, काठमाडौँ, पैरवी बुक्स एन्ड स्टेसनरी

४ Bordwell David, Kristin Thompson and Jeff Smith, 2020, **Film Art: An Introduction**, 12th Edition, New York, Mc Graw Hill education

५ Block Bruce, 2021, **The Visual Story**, 3rd Edition, London, Routledge

६ Balazs Bela, 1952, **Theory of the Film**, London, Dennis Dobson Ltd.

७ Hutcheon Linda, 2006, **A Theory of Adaptation**, New York, Routledge

८ Mascelli Joseph-v, 1995, **The Five C's of Cinematography**, Los Angeles, Silman James press

९ Roy Barun, 2021, **Film Production**, University of North Bengal, Department of Mass Communication.

१० Rabiger Michael, 2003, **Directing Film Techniques and Aesthetics**, 3rd Edition, London, Focal press

११ https://youtu.be/w3blQrI2klw?si=W0XM1mtUQewnKQvW ०२.०६.२०२६